का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ असोज २०८३
बिहीबार
8 October 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २५९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com


बडादसैंको आगमनसँगै झिलिमिली बत्तीले सिँगारियो मैतीदेवी मन्दिर । तस्बिर : सुर्याम्स उप्रेती/नेपाल फोटो लाइब्रेरी

# डिएनए लिइयो सनाखत भएन


डिएनए प्रोफाइलिङको काम धमाधम भइरहेको छ। प्रोफाइलिङ सकिएपछि म्याचिङ गरेर शव बुझाउँछौं।

■ **अविनारायण काफ्ले**
**प्रवक्ता, नेपाल प्रहरी**


भोटेकोशी बाढीमा फेलापरेका शव तथा मानव अवशेषको पहिचानका लागि हजारौं डिएनए नमुना परीक्षण भइरहेका छन् । तर, प्रोफाइलिङ सकिए पनि आफन्तको नमुनासँग म्याचिङ हुन बाँकी छ। प्रहरीले कात्तिक पहिलो साताभित्र पहिचान खुलेका शव आफन्तलाई बुझाउने तयारी गरेको छ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २१ असोज

भोटेकोशी बाढीमा फेलापरेका शव तथा मानव अवशेषको पहिचानका लागि ठुलो संख्यामा डिएनए परीक्षण भइरहेको छ । तर, सनाखतको गति भने सुस्त छ ।

सरकारी विवरणअनुसार रसुवा-भोटेकोशी बाढीमा पाँच हजार २८५ जना बेपत्ता छन् । प्रभावित क्षेत्रबाट एक हजार ४५४ शव तथा मानव अवशेष फेलापरेका छन् । तीमध्ये ११२ जनाको मात्र सनाखत भएको छ ।

फेला परेका शव तथा मानव अवशेषमध्ये ५८५ पुरुष, ३३६ महिला र ५३३ वटा पहिचान नखुलेका आंशिक मानव अंग छन् । लामो समय पानी, हिलो र भग्नावशेषमा रहेका कारण कतिपय शव क्षतविक्षत अवस्थामा छन् । अनुहार, कपडा वा शरीरमा रहेका चिह्नबाट पहिचान गर्न कठिन भएपछि हड्डी र दाँतबाट डिएनए निकालेर परीक्षण भइरहेको नेपाल प्रहरीले जनाएको छ ।

हाल तीन हजार २०० फरेन्सिक नमुना डिएनए परीक्षणको प्रक्रियामा छन् । नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला र राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा नमुनाको प्रोफाइलिङ भइरहेको छ। तर, नमुना »» पृष्ठ २ मा

## सफ्टवेयरबाट हुँदै छ म्याचिङ

डिएनए परीक्षणमा नेपालसहित पाँच देशका प्राविधिक टोली संलग्न छन् । भारतबाट १९, चीनबाट १५ र दक्षिण कोरियाबाट तीनजना डिएनए विज्ञ कार्यक्षेत्रमा खटिएका छन् । अमेरिकाबाट तीन र सिंगापुरबाट दुईजना फिंगरप्रिन्ट विज्ञ पनि परिचालित छन् ।

भारतीय र कोरियाली डिएनए विशेषज्ञले नेपाल प्रहरीको विधिविज्ञान प्रयोगशालाको टोलीसँग मिलेर परीक्षण गरिरहेका छन् । दुवै प्रयोगशालामा गरिएको परीक्षणबाट अहिलेसम्म एक हजार ४०० भन्दा बढी डिएनएको रिपोर्ट आइसकेको छ ।

प्रोफाइलिङपछि म्याचिङको काम 'कोडिस' सफ्टवेयरबाट गरिनेछ । चिकित्सकको टोलीले पोस्टमार्टमपछि शव प्याकिङ गरेर डिएनए नमुना निकाल्न प्रहरीलाई दिनेछ । »» पृष्ठ २ मा

# अधिवेशन रोकेर अध्यादेश

अघिल्लोपटक आठवटा अध्यादेश ल्याएकोमा भएको विरोध बेवास्ता गर्दै सरकारले यसपटक पनि संसद्को अधिवेशन अन्त्य गरेर तीनवटा अध्यादेश ल्याएको हो ।

### नयाँ अध्यादेश

१. भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३
२. वनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३
३. विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३



### पहिले जारी अध्यादेश

१. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३
२. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३
३. सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३
४. सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३
५. स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३
६. विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३
७. सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३
८. केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ असोज

प्रतिनिधिसभामा सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी एक्लैको दुईतिहाइ बहुमत छ । तर सरकार भने शासन गर्न अध्यादेशको सहारा लिइरहेको छ ।

यसलाई कतिपयले सरकारलाई सत्तारुढ दल रास्वपाकै विश्वास नरहेको रूपमा अर्थ्याउने गरेका छन् । सरकारले पनि महत्त्वपूर्ण विधि बदल्न अध्यादेशको सहारा लिने प्रवृत्तिलाई दोहोऱ्याएको छ ।

हालै संघीय संसद्को अधिवेशन अन्त्य भएको छ । केही दिनपछाडि नै सरकारले तीनवटा अध्यादेश जारी गरेको छ । बुधबार बसेको अध्यादेश जारी गर्नका लागि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार, भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, वनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गर्नका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरिएको हो ।

भोटेकोशी बाढीलाई मध्यनजर गर्दै विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गर्न लागिएको पनि उनले बताए । उनका अनुसार, हाल १२ वर्ष बेपत्ता भएका व्यक्तिलाई मृतक घोषणा गर्ने व्यवस्था छ । उक्त व्यवस्थालाई छोट्याउन अध्यादेश जारी गर्न सिफारिस गरिएको हो ।

तर, केही दिनअघि मात्रै सरकारले संघीय संसद्को अधिवेशन अन्त्य गर्ने निर्णय गरेको थियो । सरकारको सिफारिसअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले यही असोज १६ गते रातिदेखि लागू हुने गरी संघीय संसद्को अधिवेशन अन्त्य गरेका थिए ।

सरकारले यसअघि पनि संसद् अधिवेशन नरहेका बेला अध्यादेश ल्याएको थियो । गत वैशाख तेस्रो साता सरकारले आठवटा अध्यादेश ल्याएको थियो ।

जसमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३, सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश २०८३ र स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३ थिए । यसैगरी, त्यसबेला विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३ जारी भएको थियो ।

यीमध्ये चारवटा अध्यादेश सरकारले संघीय संसद्को अधिवेशन बोलाएपछि प्रतिस्थापन विधेयक ल्याएर ऐनमा रूपान्तरित गऱ्यो । तर, चारवटा ऐनमा बदलिएन । त्यसमध्ये केही सामान्य विधेयकको रूपमा संसद्मा पुगेको छ ।

अघिल्लोपटक आठवटा अध्यादेश ल्याएकोमा भएको विरोध बेवास्ता गर्दै सरकारले यसपटक पनि संसद्को अधिवेशन अन्त्य गरेर तीनवटा अध्यादेश ल्याएको हो ।

## ४५ दिनमै बेपत्ताको मृत्यु दर्ता गर्न सिफारिस

*हाल १२ वर्ष बेपत्ता भएका व्यक्तिलाई मृतक घोषणा गर्ने व्यवस्था छ । उक्त व्यवस्थालाई छोट्याएर ४५ दिनमा मृत्यु भएको मानेर घटना दर्ता गर्न सक्ने गरी अध्यादेश जारी गर्न सिफारिस गरिएको हो ।*

# सिडिओ र दुर्गा प्रसाईंमाथि कारबाही सिफारिस

तीनकुनेमा हिंसा भड्किनुमा आयोगले तत्कालीन सिडिओ ऋषिराम तिवारी, नेपाल प्रहरीका एसएसपी विश्व अधिकारी र एसपी अपिलराज बोहोरा तथा सशस्त्र एसपी शैलेश श्रेष्ठसँगै आन्दोलन संयोजक दुर्गा प्रसाईंलाई जिम्मेवार ठहऱ्याएको छ।




**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असोज

काठमाडौंको तीनकुनेमा १५ चैत २०८१ मा राजसंस्था पुनर्स्थापनाको माग गर्दै भएको प्रदर्शन हिंसात्मक बनेको घटनामा स्थानीय प्रशासन, सुरक्षा निकाय र आन्दोलनको नेतृत्व तीनै पक्ष जिम्मेवार देखिएका छन् । राष्ट्रिय मानवअधिकार आयोगले तत्कालीन प्रमुख जिल्ला अधिकारी (सिडिओ), नेपाल तथा सशस्त्र प्रहरीका फिल्ड कमान्डर र आन्दोलन संयोजक दुर्गा प्रसाईंलाई जिम्मेवार ठहर गर्दै कारबाही सिफारिस गरेको छ । घटनाको डेढ वर्षपछि आयोगले विस्तृत अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गरेको हो । प्रतिवेदनले तीनकुनेको अवस्था बिग्रनुमा आन्दोलनको नेतृत्व, सुरक्षा व्यवस्थापन र स्थानीय प्रशासनको भूमिकामाथि प्रश्न उठाएको छ ।

आयोगका अनुसार आन्दोलन संयोजक दुर्गा प्रसाईंले उत्तेजक भाषणमार्फत »» पृष्ठ २ मा

### नवराज सुवेदीलाई १२ हजार ५ सय क्षतिपूर्ति सिफारिस



आयोगले घटनामा मृत्यु भएकाका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन र घाइते १२८ जनाको निःशुल्क उपचारको व्यवस्था गर्न सरकारलाई भनेको छ। तोडफोड तथा आगजनीबाट क्षति भएका निजी भवन, पसल र उद्योगको क्षति मूल्यांकन »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# श्रमिकको विवरण एक दिनअघि नै पठाउन विभागको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असोज

वैदेशिक रोजगार विभागले राष्ट्रिय परिचयपत्र भेरिफिकेसनमा समस्या आएपछि वैदेशिक रोजगारीमा जाने श्रमिकको विवरण एक दिनअघि नै पठाउन निर्देशन दिएको छ ।

विभागले बिहीबार वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको अभिमुखीकरण तालिमसम्बन्धी सूचना जारी गर्दै राष्ट्रिय परिचयपत्र भेरिफिकेसनमा आएको समस्याका कारण फेमिस प्रणालीमा पूर्वप्रस्थान अभिमुखीकरण तालिमका प्रशिक्षार्थीहरूको अनलाइन हाजिरी गर्न कठिनाइ उत्पन्न भएको भन्दै तोकिएको समयमा प्रशिक्षार्थीलाई ब्याचमा भर्ना तथा हाजिरी गराउनुपर्ने बताएको छ ।

राष्ट्रिय परिचयपत्र प्रमाणीकरण अनलाइन भेरिफिकेसन भइनसकेका व्यक्तिहरूले अभिमुखीकरण तालिममा भर्ना गर्नुभन्दा कम्तीमा १ दिन अगाडि नै विभागको सूचना प्रविधि शाखामा आफ्नो राष्ट्रिय परिचयपत्रसम्बन्धी आवेदनको रुजु भरपाई तथा राहदानीको प्रति पठाएर तालिमका लागि राष्ट्रिय परिचयपत्र भेरिफिकेसन गर्न अनुरोध गर्न सकिने बताएको छ ।

भेरिफिकेसनका लागि कुनै प्रकारको शुल्क नलाग्ने भन्दै विभागले ब्याचमा प्रशिक्षार्थी भर्ना गरिसक्नुपर्ने समय बिहानका लागि बिहान ८ बजेदेखि १० बजेसम्म र बेलुकीको हाजिरी ४ बजेदेखि ६ बजेसम्म »» पृष्ठ २ मा

## मलेसियामा न्यूनतम पारिश्रमिक बढाउँदा विदेशी कामदारलाई नसमेट्न प्रस्ताव

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २१ असोज

मलेसियामा प्रस्तावित न्यूनतम पारिश्रमिक वृद्धि स्थानीय कामदारमा मात्र लागू गर्नुपर्ने माग उठेको छ । विदेशी कामदारलाई समेत न्यूनतम पारिश्रमिक वृद्धि लागू गर्दा स्थानीय व्यवसाय, विशेषगरी सूक्ष्म, साना तथा मझौला उद्यममा थप आर्थिक भार पर्ने भन्दै यस्तो प्रस्ताव गरिएको हो ।

डेमोक्रेटिक एक्सन पार्टीका बागान सांसद लिम गुआन एङले न्यूनतम पारिश्रमिक वृद्धि स्थानीय कामदारमा केन्द्रित हुनुपर्ने बताएका छन् । संसद्मा पत्रकार सम्मेलन गर्दै उनले विदेशी कामदारको पारिश्रमिक पनि बढाउँदा विदेशी श्रमिकमा निर्भर व्यवसायको सञ्चालन लागत थप बढ्ने बताए । मलेसियाका प्रधानमन्त्री दातुक सेरी अनवर इब्राहिमले हाल »» पृष्ठ २ मा

## डिएनए...

परीक्षण हुनु र शवको सनाखत हुनु फरक प्रक्रिया हो । शव वा मानव अवशेषबाट डिएनए प्रोफाइल तयार भएपछि त्यसलाई बेपत्ता व्यक्तिका आफन्तबाट संकलन गरिएको नमुनासँग मिलाउनुपर्छ । दुवै प्रोफाइल मिलेपछि मात्र शवको सनाखत पुष्टि हुन्छ । बाढीमा बेपत्ता भएकाका आफन्तको ठुलो संख्यामा डिएनए नमुना संकलन गरिएको छ । २९ देशमा रहेका ३६६ जना आफन्तले समेत डिएनए प्रोफाइल पठाएका छन् । प्रहरीले अब प्रोफाइलिङ सकेर म्याचिङको काम अघि बढाउने जनाएको छ । प्रहरी प्रवक्ता अबिनारायण काफ्लेले प्रोफाइलिङ सकिएपछि म्याचिङ गरेर शव बुझाउने बताए । 'डिएनए प्रोफाइलिङको काम धमाधम भइरहेको छ । प्रोफाइलिङ सकिएपछि म्याचिङ गरेर शव बुझाउँछौं,' उनले भने । उनका अनुसार, कानुनी प्रक्रिया पूरा गरेर सकेसम्म चाँडो शव आफन्तलाई बुझाउने तयारी भइरहेको छ ।

## सफ्टवेयरबाट...

प्रहरीले हड्डी, दाँतलगायत अंगबाट नमुना निकालेर रसायन प्रयोग गरी प्रोफाइल तयार गर्नेछ ।

मृतकका परिवारका सदस्यको डिएनए प्रोफाइल पनि कोडिस सफ्टवेयरमा राखिनेछ । सफ्टवेयरले शवबाट निकालिएको डिएनए र परिवारका सदस्यको डिएनए मिलाएपछि त्यसैका आधारमा सनाखत गरिने प्रहरीको भनाइ छ ।

प्रहरी प्रधान कार्यालयले कात्तिक पहिलो साताभित्र जमिनमुनि सुरक्षित रूपमा व्यवस्थापन गरिएका शवमध्ये पहिचान खुलेका शव आफन्तलाई बुझाउने तयारी गरेको छ । हालसम्म फेलापरेका शव तथा मानव अवशेषमध्ये एक हजार २ ९२ वटालाई जमिनमुनि सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ । पहिचान खुलेका र अन्य प्रक्रिया पूरा भएका ११२ शव भने परिवारलाई हस्तान्तरण भइसकेका छन् ।

## सिडिओ...

प्रदर्शनकारीलाई निषेधित क्षेत्रतर्फ अघि बढ्न र हिंसातर्फ उक्साएका थिए । 'संसद् भवन जलाउनुपर्छ'जस्ता अभिव्यक्तिले स्थिति थप उत्तेजित बनाउन भूमिका खेलेको प्रतिवेदनमा उल्लेख छ । सुरक्षा निकायतर्फ नेपाल प्रहरीका तत्कालीन एसएसपी विश्व अधिकारी, एसपी अपिलराज बोहोरा र सशस्त्र प्रहरीका एसपी शैलेश श्रेष्ठको भूमिकामाथि आयोगले प्रश्न उठाएको छ । उनीहरूको कमान्डमा म्याद नाघेका अश्रुग्यास प्रयोग भएको, बल प्रयोगको क्रमिक सिद्धान्त पालना नभएको र सर्वसाधारणमाथिसमेत गोली चलाइएको आयोगको निष्कर्ष छ । स्थानीय प्रशासनतर्फ तत्कालीन काठमाडौं सिडिओ ऋषिराम तिवारीलाई आयोगले जिम्मेवार मानेको छ । संवेदनशील क्षेत्रमा एकै समयमा दुई फरक विचारका समूहलाई कार्यक्रमको अनुमति दिइएको र त्यसअनुसार प्रभावकारी सुरक्षा योजना कार्यान्वयन हुन नसकेको आयोगले जनाएको छ ।

आयोगका अनुसार घटनामा दुईजनाको मृत्यु र १२८ जना घाइते भएका थिए । प्रदर्शनका क्रममा सञ्चारगृह, निजी भवन र सवारीसाधनमा तोडफोड तथा आगजनीसमेत भएको थियो । घटनाबाट नागरिकको ज्यान र सम्पत्तिको सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता तथा मानवअधिकार प्रभावित भएको आयोगले जनाएको छ । घर फर्किरहेका सर्वसाधारण सविन महर्जनको सुरक्षाकर्मीको गोली लागेर मृत्यु भएको थियो । समाचार संकलनमा खटिएका एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजकले भवनभित्र भएको आगजनीमा ज्यान गुमाएका थिए । प्रदर्शनस्थलभन्दा टाढा रहेका सर्वसाधारणसमेत सुरक्षाकर्मीको गोलीबाट घाइते भएको प्रतिवेदनमा उल्लेख छ । रेविका खत्री र दिनेश खत्रीलगायत सर्वसाधारणलाई गोली लागेको आयोगले जनाएको छ ।

घटनाका क्रममा सञ्चारमाध्यमसमेत निसानामा परेका थिए । अन्नपूर्ण मिडिया हाउस, कान्तिपुर, हिमालयन टेलिभिजन र अनलाइनखबरका सञ्चारकर्मीमाथि कुटपिट भएको थियो । सवारीसाधनमा तोडफोड र सञ्चारगृहमा आगजनीसमेत भएको आयोगले जनाएको छ । घटनाको अनुगमनमा पुगेको राष्ट्रिय मानवअधिकार आयोगको टोलीमाथि आन्दोलनकारीबाट ढुंगामुढा तथा आक्रमण भएको पनि प्रतिवेदनमा उल्लेख छ ।

**प्रहरीदेखि प्रसाईंमाथि अनुसन्धान सिफारिस**

आयोगले सुरक्षा व्यवस्थापनमा कमजोरी गरेको भन्दै तत्कालीन सिडिओ तिवारी, नेपाल प्रहरीका एसएसपी अधिकारी, एसपी बोहोरा र सशस्त्र प्रहरीका एसपी श्रेष्ठमाथि मानवअधिकार उल्लंघनमा कारबाही गर्न सिफारिस गरेको छ । सर्वसाधारणमाथि गोली चलाउने तथा बदनियतपूर्वक बल प्रयोग गर्ने सुरक्षाकर्मीमाथि प्रहरी नियमावली, २०७१ को नियम ६७(३) बमोजिम अनुसन्धान गरी कानुनी कारबाही गर्न पनि आयोगले भनेको छ । हिंसा भड्काउन र मानवीय तथा भौतिक क्षति पुऱ्याउन भूमिका खेलेको भन्दै प्रसाईंलगायत आन्दोलनका नेतृत्वकर्तामाथि अनुसन्धान गरी कारबाही गर्न पनि सरकारलाई सिफारिस गरिएको छ । पत्रकार सुरेश रजकको मृत्यु तथा सञ्चारगृहमा भएको आगजनी र तोडफोडको वैज्ञानिक अनुसन्धान केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मार्फत गर्न आयोगले सुझाएको छ । दोषीमाथि कारबाही र पीडितलाई क्षतिपूर्ति दिन पनि सिफारिस गरिएको छ ।

## नवराज...

गरी क्षतिपूर्ति उपलब्ध गराउन पनि आयोगले सिफारिस गरेको छ । प्रतिवेदनमा ८५ वर्षमाथिका राजनीतिज्ञ नवराज सुवेदीलाई घटनासँग जोडिएको प्रशासनिक कारबाहीबारे पनि उल्लेख गरिएको छ । उनलाई कानुनी पुर्जीबिना २५ दिनसम्म निवासमै स्थानहदमा राखिएको आयोगको निष्कर्ष छ । यसका लागि तत्कालीन सिडिओ तिवारीलाई सचेत गराउन र सुवेदीलाई दैनिक ५०० रुपैयाँका दरले १२ हजार ५०० रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन आयोगले सिफारिस गरेको छ ।

**सामाजिक सञ्जालको दुरुपयोग रोक्न कानुन**

तीनकुने घटनाबाट सिकाइका रूपमा आयोगले सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमत्ता (एआई)को दुरुपयोगबाट फैलाइने भ्रामक सूचना तथा घृणास्पद अभिव्यक्ति नियन्त्रणका लागि कानुनी व्यवस्था गर्न सरकारलाई सुझाएको छ ।

आयोगको प्रतिवेदनले घटनालाई प्रदर्शनकारी र सुरक्षाकर्मीबीचको झडपका रूपमा मात्र हेरेको छैन । आन्दोलनको नेतृत्व, प्रशासनिक तयारी र सुरक्षा व्यवस्थापनमा भएका कमजोरी तथा त्यसबाट भएको मानवअधिकार क्षतिको समेत मूल्यांकन गरेको छ । अब प्रतिवेदनमा उल्लेख गरिएका जिम्मेवार पक्षमाथि अनुसन्धान तथा कारबाही अघि बढाउने र पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने जिम्मेवारी सरकारमाथि आएको छ ।

## श्रमिकको...

गरिसक्नुपर्ने बताएको छ । विभागले सेवाग्राहीको सुविधाका लागि विद्युतीय अनलाइन प्रणाली प्रयोग गरे पनि प्रविधिको प्रणालीभित्र आउन नसक्ने कमजोरी आकलन गर्न नसक्दा पटकपटक सेवा अवरुद्ध हुन पुगेको सेवाग्राहीको गुनासो छ ।

## मलेसियामा...

१७ सय रिंगेट रहेको न्यूनतम पारिश्रमिक पुनरावलोकन गरी बढाउने तयारी भइरहेको र यसको विस्तृत घोषणा अक्टोबर ९ मा प्रस्तुत हुने बजेट २०२७ मार्फत गरिने बताएका छन् । न्यूनतम पारिश्रमिकसम्बन्धी अध्ययन तथा समीक्षा अन्तिम चरणमा रहेको उनको भनाइ छ ।

लिमले स्थानीय कामदारको अभावका कारण विदेशी कामदार राख्न बाध्य व्यवसायीलाई दोष दिन नहुने पनि बताए । विशेषगरी साना तथा मझौला उद्यम क्षेत्रमा स्थानीय श्रमिक पाउन कठिन भइरहेको भन्दै यस्तो समस्या प्रायद्वीप मलेसियासँगै साबाह र सारावाकमा समेत रहेको उनले बताए ।

उनले विदेशी कामदारका लागि रोजगारदाताले तिर्नुपर्ने २ प्रतिशत कर्मचारी सञ्चय कोष योगदान तथा रोजगारदाताको थप २ प्रतिशत योगदान हटाउनसमेत सरकारसमक्ष प्रस्ताव गरेका छन् । लिमका अनुसार विदेशी कामदारको न्यूनतम पारिश्रमिक बढाउँदा व्यवसायको सञ्चालन लागत अझ बढ्ने भएकाले सरकारले स्थानीय नागरिक र मलेसियाली व्यवसायको हितलाई प्राथमिकता दिनुपर्छ । 'मलेसियाली नागरिक र व्यवसायको संरक्षण गर्नुपर्छ । अहिलेको अवस्था गम्भीर र चिन्ताजनक छ,' उनले भने । मलेसियामा ठूलो संख्यामा विदेशी श्रमिक कार्यरत रहेका बेला न्यूनतम पारिश्रमिकसम्बन्धी आगामी निर्णयले विदेशी कामदारको आम्दानी र रोजगारदाताको लागतमा प्रत्यक्ष प्रभाव पार्न सक्ने देखिन्छ ।

# चाडपर्व सुरक्षामा ५० हजार प्रहरी परिचालित

**काठमाडौं / मस–** बडादसैं, दीपावली, नेपाल संवत् र छठ पर्वको सुरक्षा व्यवस्थालाई भरपर्दो र विश्वसनीय तुल्याउन नेपाल प्रहरीले बुधबारदेखि 'चाडपर्व लक्षित सुरक्षा योजना-२०८३' लागू गरेको छ ।

पर्वको समयमा आम नागरिकको जनजीवन सामान्य तुल्याउन, बैंक तथा वित्तीय संस्थासँग हुने कारोबार सुरक्षित गराउन, विभिन्न गन्तव्यमा जाने यात्रीसमेतलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिलाउन सुरक्षा योजना लागू गरिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए । 'चाडपर्वको मौका छोपी चोरी डकैती, जुवातास एवं सट्टेबाजी, अन्तर्राष्ट्रिय सिमानाकामा तस्करी र सीमा अपराध हुन सक्छन्', उनले भने,'यस्ता आपराधिक क्रियाकलाप नियन्त्रण गर्न व्यापक प्रहरी परिचालन गरिएको छ ।'

विस्फोटक पदार्थको ओसार पसार, भन्सार छली, बैंक वित्तीय संस्थामा चोरी डकैती, लुटपाट, खाद्यान्न, लत्ताकपडा र उपभोग्य वस्तुको कृत्रिम अभाव, कालोबजारी, म्याद गुज्रिएका वा मिसावटयुक्त सामग्रीको बिक्री, हुन्डी र नक्कली नोट कारोबारलगायतलाई प्रहरीले सुरक्षा चुनौती औंल्याएको छ ।

चाडपर्वमा सुरक्षा व्यवस्था चुस्त बनाउन करिब ५० हजार बढी प्रहरी खटाइएको केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेले बताए । चार सय आठ स्थानमा यात्रु सहायता र अन्तरराष्ट्रिय सीमा-नाकामा १०८ वटा सहायता कक्ष स्थापना गरिएको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय एवं जिल्ला प्रहरी कार्यालयमा कमाण्ड पोष्ट स्थापना र त्यहाँबाट प्रहरी परिचालनको व्यवस्था मिलाइएको प्रवक्ता काफ्लेले जानकारी दिए ।

यस अवधिमा प्रहरीले पैदल, मोबाइल र ग्रामीण गस्ती गर्नेछन् । चेकप्वाइन्ट तथा ट्राफिक प्रहरीसहितको चेकजाँचको व्यवस्था मिलाइएको छ भने सरकारी एवं महत्त्वपूर्ण संस्थाहरू, कारागारलगायत कार्यालयको सुरक्षाको व्यवस्था मजबुत पारिएको छ ।

**प्रविधि र सूचनामा आधारित सुरक्षा**

प्रहरीले चाडपर्व सुरक्षा योजनाको कार्यान्वयनमा ड्रोन, सिसिटिभी, 'बडीवन' क्यामरालगायत सञ्चार उपकरण र प्रविधिको प्रयोग गर्ने भएको छ । काठमाडौं उपत्यकालगायत प्रमुख सहरको मुख्य बजार तथा सपिङ मल, मार्ट, बैंक तथा वित्तीय संस्था, सुनचाँदी तथा बहुमूल्य वस्तुको कारोबार हुने क्षेत्रलाई विशेष निगरानीमा राखिएको छ । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय एवं ज्येष्ठ नागरिकमाथि हुन सक्ने हिंसामा शून्य सहनशीलताको रणनीति अपनाइएको छ ।

**दुर्घटना न्यूनीकरणको विशेष योजना**

चाडपर्वका समयमा काठमाडौं उपत्यकाबाट लाखौं यात्रु बाहिरिने अनुमान गरिएको छ । सवारी दुर्घटना र जनधनको क्षति न्यूनीकरणका लागि सवारी चालकको अनुमतिपत्र (लाइसेन्स) जाँच तथा लामो दूरीमा दुई जना चालक अनिवार्य राख्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिने प्रहरीले जनाएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६८।०४।०६ मा दर्ता भएको **प्रा.लि. नं. ८४७६६** को **ओजोन कन्स्ट्रक्सन** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७०।१०।२६ मा दर्ता भएको **प्रा.लि. नं. ११९४७३** को **चितवन कलेक्सन** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/११/२५ मा दर्ता भएको **प्रा.लि. नं. ३०८६७५** को **क्लाईमेट पब एण्ड क्लब प्रा.लि.**को मिति २०८३/०६/२१ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/०३/०८ मा दर्ता भएको **मोरङ्ग इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. नं. १३६३५९** को मिति २०८३/०६/२१ मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः राजु थापा, इजाजतपत्र नं. ५५६, फोन नं. ९८५१०१३७३०**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**तेस्रो पटक प्रकाशित मिति २०८३/०६/२२**
यस कम्पनीको मिति २०८३।०५।०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **ज्ञान कुञ्ज एकेडेमी पर्सा प्रा.लि. (दर्ता नं. १३१६२२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लिटिल स्कोलर्स एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०१/१४ मा दर्ता भएको **दर्ता नं. ३३५००५** को **हिकारी कोकुसाई एजुकेशन प्रा. लि.** को मिति २०८३/०६/२० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/११/२७ मा दर्ता भएको **दर्ता नं. २१०४८५** को **स्नोइ ड्रिम वर्ल्ड ट्रेकस एण्ड एकसपिडिसन्स प्रा. लि.** को मिति २०८३/०६/१२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

**मलेसियामा रोजगार**
कम्पनीः D'HAK SECURITY SERVICES SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०६/२१ — चलानी नं.: ६०२६२२५० — LT. No.: 349168

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1700 | ६४०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २९ गते (15 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKY OF THE WORLD MANPOWER PVT. LTD.** श्रम इ. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9851068774, 9851035867
E-mail : Skymanpower1039@gmail.com, Info@skymanpower.com.np, Web.www.skymanpower.com
Chitwan Branch Contact No: 9806595102

**रोजगारको अवसर**
**1. YOSOGO WRITING INSTRUMENT SDN. BHD., MALAYSIA**
पुर्व स्विकृति मिति: 2026/04/27 चलानी नं. ६०२५४४९९ LT No. 341088 पुनःबिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 02 | 1700 | 64372 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

**2. THAMEL RESTAURANT, UAE,** पुर्व स्विकृति मिति: 2026/07/09 चलानी नं. ६०२५७९१९ LT No. 344532 पुनःबिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Messenger/Reporter | 0 | 4 | 1400 | 58992 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Worker/P.O. | 12 | 0 | 1400 | 58992 | | | | | | | |
| 3 | Cleaner General | 0 | 11 | 1400 | 58992 | | | | | | | |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८३/०६/ २९ गते (15 October 2026) हुनेछ।**

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क — श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५,सम्पर्क व्यक्तिः- लाल पुन, ९८४१०३६७१३

**युएईमा रोजगार**
कम्पनीः AHMED SULTAN AL SALAMI TRADING AND IMPORTING - SOLE PROPRIETORSHIP L.L.C. — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०६/२१ — चलानी नं.: ६०२६२३०६ — LT. N1o.: 349185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cutting Master | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ८३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cloth Tailor | 3 | 0 | | 1500 | ६२,८९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २९ गते (15 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**तिरुपति इन्टरनेशनल म्यानपावर प्रा. लि.** Govt. Lic No.: 847/066/067
बत्तिसपुतली, गौशाला-९, काठमाडौं, नेपाल, फोन नं : ४४९८८२२, ९७०५४७८०२४, ९७१३७२०६५४, ९७०८०९४०४६, , फ्याक्स नं.: ४४३७५००

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालयः का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्सः +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३५८८६०/५३५९२२९ (एक्सटेन्सनः २०८/२२५/२२६)

**धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा, विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **ऋणी फर्मः रस्तोगी गल्ला भण्डार**, प्रोप्राईटर तथा जमानीकर्ता : रुपनारायण प्रसाद रस्तोगी<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा, प्रा.फ.र.नं. ४४३६/३९६, दर्ता मितिः २०७३/०२/१२, ठेगानाः जिल्ला रौतहट, सखुअवा धमौरा गा.वि.स. वडा नं. ५<br>**धितोको विवरण**<br>१) दिपन प्रसाद रस्तोगीको नाती, राजेन्द्र प्रसाद रस्तोगीको छोरा, रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ५ बस्ने रुपनारायण प्रसाद रस्तोगीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. २६० र १०८३ को क्षेत्रफल क्रमशः ०–११–१५–० र ०–७–५–० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) दिपन प्रसाद रस्तोगीको नाती, राजेन्द्र प्रसाद रस्तोगीको छोरा, रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ५ बस्ने रुपनारायण प्रसाद रस्तोगीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ५ गाउँ स्थित कित्ता नं. १८४, १८८ र १८७ को क्षेत्रफल क्रमशः ०–०–७–०, ०–०–९–० र ०–०–४–८ (विगाह) को घरजग्गा तथा रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. १ (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. ११८५ को क्षेत्रफल ०–०–१०–० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) रस्तोगी गल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| २. | **ऋणीः संगीता मैनाली**<br>स्थायी ठेगाना : झापा जिल्ला, बुधवारे गा.वि.स. वडा नं. ७, हालको ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ बाबु : योगेन्द्र पकुवाल, ससुरा : धनपति मैनाली, पति : गोपाल मैनाली<br>**धितोको विवरण**<br>योगेन्द्र पकुवालकी छोरी, धनपति मैनालीकी बुहारी, गोपाल मैनालीकी पत्नि झापा जिल्ला, बुधवारे गा.वि.स. वडा नं.७ बस्ने संगीता मैनालीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १२३० र १८११० को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-७.५-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ३. | **ऋणी फर्म : मनिष आलु स्टोर, प्रोप्राईटर तथा जमानीकर्ताः ओर्मिला कुमारी देवी**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यलय, सर्लाही, मलंगवामा प्रा.फ.नं. ९९६९/०७७/०७८, दर्ता मिति २०७७/०९/२६, ठेगानाः जिल्ला सर्लाही, हरिपुर न.पा. वडा नं. ३<br>**धितोको विवरण**<br>१) राम नारायण राय दनुवारकी छोरी, सुवकण राय दनुवारकी बुहारी, सुरेन्द्र प्रसाद सिंह दनुवारकी पत्नी, सर्लाही जिल्ला, फरहदवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिपुर न.पा. वडा नं. ३ बस्ने ओर्मिला कुमारी देवीको नाममा मालपोत कार्यालय हरीवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, लक्ष्मीपुर कोद्राहा गा.वि.स. वडा नं. ६/ग स्थित कित्ता नं. ९७५ को क्षेत्रफल १४०१.१० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) मनिष आलु स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ४. | **ऋणीः सुरेश कुमार महतो**<br>स्थायी ठेगाना : धनुषा जिल्ला, लक्ष्मी निवास गा.वि.स. वडा नं. ७, हालको ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. १<br>बाबु : राम विलास महतो, बाजे : रामजी महतो<br>**धितोको विवरण**<br>रामफल महतोको नाती, रामजी महतोको छोरा, धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. ६ बस्ने राम विलास महतो कोइरीको नाममा मालपोत कार्यालय धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. ९ग स्थित कित्ता नं २४३ को क्षेत्रफल ०-६-१३ १/४ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |

नोटः ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।- (रुपैंया एक हजार मात्र) तिरी प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन,त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सोमबारदेखी बिहिबारसम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सुचनाः
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले
सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन ।
उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी
रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

# कांग्रेस केन्द्रीय सदस्यमा युरोपबाट पूर्णबहादुर हमालको उम्मेदवारी




**काठमाडौं / मस**–नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत युरोप क्षेत्रबाट पूर्णबहादुर हमालले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन् ।

नेपाली जनसम्पर्क समिति युरोपका वरिष्ठ उपाध्यक्षसमेत रहेका हमालले प्रवासमा कांग्रेसको संगठन विस्तार र सुदृढीकरणसँगै नयाँ पुस्तालाई पार्टीसँग जोड्ने एजेन्डासहित केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका हुन् ।

पोर्चुगलबाट महाधिवेशन प्रतिनिधि चयन भएका हमालले प्रवासमा नेपाली कांग्रेसको संगठनलाई थप गतिशील, क्रियाशील र प्रभावकारी बनाउन आफूले उम्मेदवारी दिएको बताए । लामो समयदेखि पार्टीको संगठन विस्तार तथा प्रवासमा पार्टीको सांगठनिक गतिविधिलाई सुदृढ बनाउन सक्रिय रहदै आएका हमालले युरोप क्षेत्रबाट केन्द्रीय सदस्य पदमा आफ्नो उम्मेदवारी प्रस्तुत गरेका हुन् ।

'युरोपमा कांग्रेसको संगठनलाई थप सुदृढ र व्यवस्थित बनाउने र नयाँ पुस्तालाई पार्टीसँग जोड्ने तथा प्रवासी नेपालीको ज्ञान, सीप, अनुभव र पुँजीलाई नेपालको विकास र समृद्धिसँग जोड्ने सोच र संकल्पसहित युरोप क्षेत्रबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएको हुँ,' हमालले भने,'युरोपमा रहेका नेपाली कांग्रेसका नेता, तमाम कार्यकर्ता तथा शुभेच्छुकहरूको साथ, सहयोग र समर्थन पाएकै कारण ठोस योजना र कार्यक्रमका साथ चुनावी मैदानमा होमिएको हो,'उनले भने ।

नेपाली जनसम्पर्क समिति पोर्चुगलका संस्थापक सभापतिसमेत रहेका हमालले पार्टीको प्रवासी संगठनलाई बलियो बनाउन लामो समयदेखि काम गर्दै आएका छन् । उनले दुई कार्यकाल महासमिति सदस्यको जिम्मेवारीसमेत निर्वाह गरिसकेका छन् ।

पार्टीको केन्द्रीय सदस्यमा उम्मेदवारी दिँदै हमालले नेपाली कांग्रेसको संगठनलाई विश्वव्यापी रूपमा थप व्यवस्थित, सुदृढ र प्रभावकारी बनाउने योजना अघि सारेका छन् । उनले विश्वभर रहेका कांग्रेसका नेता तथा कार्यकर्तालाई एकीकृत गर्दै विश्वव्यापी सञ्जाल निर्माण गर्ने अवधारणा अनुरूप युरोपमा 'महादेशीय संगठन' निर्माणको अवधारणालाई आफ्नो प्रमुख एजेन्डाका रूपमा अघि सारेका छन् । 'मेरो उम्मेदवारी व्यक्तिगत लाभ वा स्वार्थका लागि होइन, प्रवासमा नेपाली कांग्रेसको संगठनलाई थप बलियो, सुदृढ र प्रभावकारी बनाउनका लागि हो,' हमालले भने,' लामो समयदेखि संगठन निर्माण र विस्तारमा काम गर्दै आएको अनुभवलाई अब पार्टीको हितमा सदुपयोग गर्दै प्रवासी नेपालीको आवाजलाई पार्टीको मूलधारसँग जोडेर संगठनलाई थप गतिशील र क्रियाशील बनाउन प्रतिबद्ध छु ।'

नेपाली जनसम्पर्क समिति समन्वय विभागको केन्द्रीय समिति सदस्यका रुपमा समेत काम गरिसकेका हमालले पार्टीको विभिन्न तह र तप्कामा रहेर सांगठनिक अनुभव समेत बटुलीसकेका छन् ।

विद्यार्थी जीवनदेखि नै लोकतान्त्रिक आन्दोलनमा सक्रिय रहँदै आएका हमाल नेपाल विद्यार्थी संघ बागलुङका पूर्व जिल्ला सदस्य समेत हुन् । २०४६ सालको जनआन्दोलनका क्रममा गिरफ्तारीमा परेका उनी वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलसँगै जेल समेत परेका थिए । प्रवासमा रहेर नेपाली कांग्रेसको संगठन विस्तार र पार्टी सुदृढीकरणमा निरन्तर सक्रिय रहदै आएका हमालले युरोपमा पार्टी संगठनलाई व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।

डायस्पोरामा रहेका दोस्रो तथा तेस्रो पुस्ताका नेपालीलाई नेपाली कांग्रेससँग जोड्दै प्रवासमा पार्टीको संगठनलाई थप व्यापक, व्यवस्थित र प्रभावकारी बनाउने आफ्नो योजना रहेको हमालले बताएका छन् । उनले प्रवासी संगठनलाई समयानुकूल सुदृढ गर्दै नेपाली कांग्रेस र प्रवासमा रहेका नेपालीबीचको सम्बन्धलाई अझ मजबुत बनाउन आफूले भूमिका निर्वाह गर्ने प्रतिबद्धता समेत जनाएका छन् ।

कांग्रेस महाधिवेशन

# जनसम्पर्कका ७ कोटामा ३३ जनाको उम्मेदवारी

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २१ असोज



नेपाली कांग्रेसको १५औं महाधिवेशनस्थलमा प्रतिनिधिहरूसँग भोट माग्दै गरेका इन्द्रप्रसाद शर्माले प्रवासको ज्ञान, पुँजी तथा प्रविधिलाई नेपालको विकाससँग जोड्ने मुख्य एजेन्डा सुनाए । काठमाडौंको भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा मतदातामाझ भेटिएका शर्मा युरोप क्लस्टरबाट केन्द्रीय सदस्यका उम्मेदवार हुन् । नेपाली जनसम्पर्क समिति स्पेनका पूर्वअध्यक्षसमेत रहेका शर्माले राजनीतिसँगै अन्य सामाजिक क्षेत्रमा समेत क्रियाशील छन् ।

स्पेनमा रहेर लामो समयदेखि नेपाली कांग्रेसको विचार प्रवासमा विस्तार गर्दै युरोपस्थित नेपाली समुदायको सुख-दुःखमा योगदान पुर्‍याउँदै आएको शर्माले दाबी गरेका छन् । कांग्रेसको नयाँ विधान अनुसार युरोप क्लस्टरबाट एकजनाका लागि शर्मासहित आठजनाले उम्मेदवारी दिएका हुन् । उनीसँग प्रतिस्पर्धामा अन्य सातजना उम्मेदवार छन् । युरोप क्षेत्रबाट इन्द्रप्रसाद शर्मा, जितेन्द्रविक्रम शाही, टंक लम्साल, अंकित ओली, पूर्ण तिमिल्सिना, पूर्णबहादुर हमाल, विजय मोक्तान र विश्व आदर्श पण्डितको उम्मेदवारी रहेको निर्वाचन समितिले जनाएको छ ।

युरोपवासी नेपालीलाई लोकतान्त्रिक विचारमा समाहित गर्दै प्रवासको ज्ञान, पुँजी तथा प्रविधिलाई नेपालको विकाससँग जोड्ने मुख्य एजेन्डा रहेको शर्माले बताएका छन् । अन्य उम्मेदवार पनि आ-आफ्नो पक्षमा मतदान गर्न आह्वान गर्दै मतदतामाझ केन्द्रित छन् । युरोपका लागि कांग्रेसले केन्द्रीय समितिमा एकजना आउने व्यवस्था गरेको छ । जनसम्पर्क समितिमार्फत केन्द्रीय समितिमा आउनुपर्ने महिला दुईजनाका लागि ६ जनाले उम्मेदवारी दिएका छन् । महिला क्लस्टरमा उम्मेदवार बनेकी सीता सापकोटा घिमिरे नेतृत्वमा नयाँ पुस्ताको जबरजस्त उदयले कांग्रेसमा उत्साह थपेको बताउँछिन् । महिला कोटामा उम्मेदवार बनेकी सापकोटाले मतदातामाझ नेपाली कांग्रेसलाई विदेशस्थित जनसम्पर्क समितिमा जोड्ने र दुवैतर्फका समस्या समाधानमा आवश्यक काम गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् । दुईजना महिला कोटाका लागि सीता सापकोटासहित चन्द्रा अधिकारी, नन्दीकुमारी न्यौपाने, निर्मला थापा मगर, रविना थापा, डा.संगीता कार्की कुँवरले उम्मेदवारी दिएका छन् । यीमध्ये दुईजना निर्वाचित हुने केन्द्रीय निर्वाचन समितिको भनाइ छ ।

नेदरल्यान्डबाट महाधिवेशन प्रतिनिधि भएर आएका शालिक गौतमले रूपान्तरित तथा युवाको बाहुल्यता रहेको पार्टीलाई समयसापेक्ष, गतिशील र युगसुहाउँदो बनाउने उद्देश्यसहित उम्मेदवारी दिएको बताए । उनी युरोप क्लस्टरबाटै उम्मेदवार छन् । 'म केन्द्रीय सदस्य भएर युरोपमा बस्ने नेपाली र नेपाली कांग्रेसबीच समन्वयको पुल बन्न चाहन्छु,' उनले भने । उता एसिया-प्रशान्त क्षेत्रबाट केन्द्रीय सदस्यमा उम्मेदवार बनेका दण्डपाणि कँडेल आफूले सहजै जित्ने दाबी गर्छन् । एक पदका लागि कँडेलसहित ६ उम्मेदवार छन् ।

एसिया-प्रशान्त क्षेत्रमा रहेका नेपालीहरूको सुखः दुखमा साथ दिँदै आएका कँडेल कांग्रेसको राजनीतिमा पनि लामो समयदेखि सक्रिय रहेको बताउँछन् । एसिया-प्रशान्त क्षेत्रबाट दण्डपाणि कँडेलसहित नवराज शिवाकोटी, नारायणप्रसाद सुवेदी, डा. बलराम श्रेष्ठ, विनोदबहादुर थापा र सुरेश कोइरालाले उम्मेदवार छन् । ओसियाना-अमेरिका एक पदका लागि ६ जनाले उम्मेदवार दिएर मतदातामाझ पुगेका छन् । सो क्षेत्रबाट उम्मेदवार बन्नेहरूमा अमृत वस्ती, कञ्चन पोखरेल, कृष्ण गिरी (जगन्नाथ), रामकुमार मिश्र, रामजीवि पन्थ र सिए. विद्याभूषण कार्की छन् । त्यस्तै मध्यपूर्वबाट केन्द्रीय समितिमा एकजनालाई स्थान दिइएको छ । जसका लागि पुरुषोत्तम खनाल, रितबहादुर कटुवाल, विमल सुवेदी, खेमराज बस्नेत र चण्डीप्रसाद योञ्जासहित पाँचजनाको प्रतिस्पर्धा रहेको निर्वाचन समितिले जनाएको छ ।

यता भारतबाट समेत केन्द्रीय समितिमा एकजना आउने व्यवस्था पार्टीले विधानमै गरेको छ । भारतबाट एक पदका लागि धर्मराज काफ्ले र बालकृष्ण पाण्डेबीच प्रतिस्पर्धा हुँदै छ ।

विशेष महाधिवेशनबाट आएको कांग्रेसको नेतृत्वले जनसम्पर्क समिति कोटाबाट महिला दुईसहित विभिन्न क्षेत्रका सातजना केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्था विधानमै गरेको छ । सोहीअनुसार ३३ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन् । कांग्रेसको विदेशमा ३७ देशमा भ्रातृसंस्था जनसम्पर्क समिति क्रियाशील छन् । एसियाका देशहरूमा भारतस्थित जनसम्पर्क समितिबाट एकजना केन्द्रीय सदस्य चयन गर्ने व्यवस्था गरिएको छ । जनसम्पर्क समिति रहेका एसियाका अन्य देशबाट एकजना, युरोपबाट एकजना, मध्यपूर्वबाट एकजना, अमेरिका/क्यानडालगायतका देशबाट एकजना र महिलाबाट दुईजना केन्द्रीय सदस्य हुने व्यवस्था विधानमै गरिएको कांग्रेस महामन्त्री प्रदीप पौडेलले बताए । सात पदका लागि महिला, युरोप, ओसियाना-अमेरिका, मध्यपूर्व, एसिया-प्रशान्त र भारत क्षेत्रबाट ३३ जनाको उम्मेदवारी परेको छ । उनीहरूबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

# दर्ता भएको स्पा-डान्सबार तत्काल बन्द नगर्न उच्च अदालतको अन्तरिम आदेश

**शहबाज खान / मध्यान्ह**
कपिलवस्तु, २१ असोज




कपिलवस्तुको शिवराज नगरपालिकाले स्पा तथा डान्सबार बन्द गर्न जारी गरेको सार्वजनिक सूचनामाथि उच्च अदालत तुलसीपुर, बुटवल इजलासले अन्तरिम आदेश जारी गरेको छ । अदालतले मुद्दाको टुंगो नलागेसम्म निवेदकको दर्ता भएको व्यवसाय बन्द गर्ने वा गराउने कार्य नगर्न विपक्षीका नाममा आदेश दिएको हो ।

निरज खनालले शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय कपिलवस्तुसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय विपुल न्यौपाने र निशा बानियाँको संयुक्त इजलासले यस्तो आदेश दिएको हो ।

नगरपालिकाले २०८३ भदौ २२ गते सार्वजनिक सूचना जारी गर्दै नगर क्षेत्रमा सञ्चालनमा रहेका स्पा तथा डान्सबार अवैध रूपमा सञ्चालनमा रहेको दाबी गर्दै सात दिनभित्र बन्द गर्न निर्देशन दिएको थियो। उक्त सूचनाविरुद्ध खनालले उच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । अदालतको आदेशमा नगरपालिकालाई सम्बन्धित व्यवसाय बन्द गर्ने अधिकार भए पनि त्यस्तो कारबाहीअघि निवेदकलाई आफ्नो प्रमाण पेस गर्ने, भनाइ राख्ने तथा उचित सुनुवाइको अवसर दिनुपर्ने उल्लेख गरिएको छ ।

अदालतले निवेदकले सञ्चालन गरेको व्यवसाय वैध हो वा होइन, निर्धारित मापदण्डअनुसार सञ्चालनमा छ वा छैन भन्ने विषयमा सम्बन्धित प्रमाण र पक्षको भनाइसमेत अध्ययन गर्नुपर्ने देखिएको जनाएको छ । सोही आधारमा निवेदकको दर्ता भएको व्यवसाय बन्द गर्ने कार्य नगर्न-नगराउन उच्च अदालत नियमावली, २०७४ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरिएको अदालतको आदेशमा उल्लेख छ। रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पोखरेलले बहस गरेका थिए भने विपक्षी जिल्ला प्रशासन कार्यालयसमेतका तर्फबाट उच्च सरकारी वकिल कार्यालय बुटवलका सहायक न्यायाधिवक्ता शिला भुसाल तथा शिवराज नगरपालिकाका तर्फबाट वरिष्ठ अधिवक्ता बेनबहादुर पौडेल र कृष्णप्रसाद पाण्डेले बहस गरेका थिए ।

**अनुसूची–१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०६/२२**

चिसापानी सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-९, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व.२०८२/०८३ मा संकलन गरी उत्पादन भएका समुह बाहिर लिलाम बिक्रीको लागि सहमति प्राप्त काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट नं. १ र २ कायम गरी राखिएको कर्मा, जामुन, खयर र दबदबे जातको गोलिया थान १९५ को १५१८.५३ क्यु.फि. काठ तथा अन्य जातको ४.२५ चट्टा दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक वन पैदावारमा आधारित उद्योग/स:मिल/फर्महरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री चिसापानी सामुदायिक वन उपभोक्ता समूह,**
**शिवराज न.पा -०९, कपिलवस्तु**

## बेलडाँडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बेलडाँडी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२२)**

यस कार्यालयबाट मिति २०८३/०४/१४ ई.जि.पि.मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता भएका बोलपत्रहरू मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेका बोलपत्र सारभूत रुपमा लागत अनुमानभन्दा बढी नभएका र प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरूले कबोल गरेको बोल अंकको औसत अंकसँग सबैभन्दा नजिक भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागी यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः–**

| ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | योजनाको नाम | बोलपत्रदाताले कवोल गरेको रकम (मु.अ.कर र पि.एस् सहित) |
|---|---|---|---|
| BRM/2083/84/Works/NCB-01 | श्री न्यू जोशी कन्सट्रक्सन भि.न.पा.वडा न. ०२, कञ्चनपुर । | Black top road construction work of Beldandi ring road from Beldandi ward two Gaudi to ward 5,4,3 and 1 connecting Beldandi gaupalika office, Beldandi Rural municipality, Kanchanpur. | २,२४,२९,७४५।५५ |

**प्रमुख प्रशासकिय अधिकृत**

## VACANCY ANNOUNCEMENT

M/s CWE-GC JV(JV of China International Water & Electric Corporation(CWE), China and Gaura Construction Pvt. Ltd. (GC), Nepal are the Contractor under the contract for the **Balaju Substation Upgradation Project**, Contract Document for **Procurement of Plant for Design, Supply, Construction, Installation, Integration, Testing and Commissioning of 132 kV/11 kV Substation at Balaju**, under **Contract No. RE-GOD/2080/081-05.**

### Project Engineer (Civil) - 1 Position

**Job Responsibilities :-**

1. Supervise and coordinate civil construction works for the 132 kV/11 kV Balaju Substation Upgradation Project, ensuring compliance with approved drawings, specifications, and standards.
2. Manage site activities including foundations, equipment structures, control buildings, cable trenches, roads, drainage, fencing, and other substation civil works.
3. Coordinate with the client, consultants, contractors, and electrical teams to ensure timely execution, integration, and commissioning of the substation project.
4. Monitor construction quality, work progress, safety, material requirements, measurements, and contractor performance, and prepare necessary site reports and documentation.
5. Review civil designs and drawings, identify technical issues, support testing and commissioning activities, and ensure completion of works within the approved schedule and contract requirements.

**Qualifications & Experience:**

- Bachelor's degree in Civil Engineering.
- Minimum 7 years of relevant work experience, or at least 5 years of experience working on **132 kV** substation project.

### Project Engineer(Electrical) - 1 Position

**Job Responsibilities :-**

1. Supervise and coordinate electrical works for the 132 kV/11 kV Balaju Substation Upgradation Project in accordance with approved drawings, specifications, and applicable standards.
2. Manage installation, integration, testing, and commissioning of 132 kV and 11 kV electrical equipment, including transformers, switchgear, protection, control, and metering systems.
3. Coordinate with the client, consultant, contractors, and civil teams to ensure timely and smooth execution of substation construction and electrical installation works.
4. Monitor work progress, quality, safety, testing procedures, material requirements, and contractor performance, and maintain accurate technical records and reports.
5. Review electrical designs, drawings, and technical documents; resolve site technical issues and support successful testing, commissioning, and handover of the substation.

**Qualifications & Experience:**

- Bachelor's degree in Electrical Engineering.
- Minimum 7 years of relevant work experience, or at least 5 years of experience working on **132 kV** substation project

### Substation Design Engineer (Civil/Structural) - 1 Position

**Job Responsibilities :-**

1. Prepare, review, and coordinate civil and structural designs for the 132 kV/11 kV Balaju Substation in accordance with applicable codes, standards, and project specifications.
2. Design and review foundations, equipment structures, control buildings, cable trenches, gantries, steel structures, roads, drainage, and other substation infrastructure.
3. Develop and review engineering drawings, design calculations, BOQs, technical specifications, and construction documents for civil and structural works.
4. Coordinate with electrical engineers, consultants, contractors, and other stakeholders to ensure proper interface and constructability of civil/structural works.
5. Provide technical support during construction, resolve design and site-related issues, review as-built drawings, and ensure compliance with approved designs, quality, and project requirements.

**Qualifications & Experience:**

- Bachelor's degree in civil /structural Engineering.
- Minimum 7 years of relevant work experience, or at least 5 years of experience working on design in on **132 Kv** substation structure and foundations

**Location : Kathmandu**

**Application Process : Eligible candidates may email their resume and cover letter at cwegcjvbalaju@163.com within 7 days. Only shortlisted applicants will be contacted for an interview. Preference shall be given to the Nepalese Citizen.**

## युएईमा रोजगार

कम्पनी : SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०६/२१ चलानी नं.: ६०२६२२९८ LT. No.: 349147

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 150 | 50 | स. काममा दक्ष | 1200 | ५०,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOLDEN LINE MAINTENANCE AND GENERAL CLEANING शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०६/२१ चलानी नं.: ६०२६२२९९ LT. No.: 349146

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ४१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Cleaning Worker | 10 | 0 | | 1000 | ४१,९३० | | | | | | | |
| 3. | Cleaner Windows | 8 | 0 | | 1000 | ४१,९३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २९ गते (15 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**RELIABLE MANPOWER RECRUITMENT PVT LTD** Lic. No: 1728/081/082
Sinamangal-09, Kathmandu, Nepal, Tel: 015922931/015922932/015922934
Email: reception@reliablemanpowernepal.com, Website: www.reliablemanpowernepal.com

## साइप्रसमा रोजगार

कम्पनी: N.L.C. EMPLOYMENT AGENCY LTD शहर: CYPRUS,PAPHOS
पूर्व स्वीकृत मिति: २०८२/०२/२८ चलानी नं.: ६०२३९४४६ LT. No.: 325441 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 12 | स. काममा दक्ष | 400 | ६९२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २९ गते (15 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ROTARY OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873,
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## कतारमा रोजगार

कम्पनी: BRITE MEDICAL CENTRE शहर : QATAR
पूर्व स्वीकृत मिति: २०८३/०६/२० चलानी नं.: ६०२६२२९० LT. No.: 349086

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 2 | स. काममा दक्ष | 1300 | ५४९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २९ गते (15 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S.S.K. MANPOWER SERVICES PVT. LTD.** Gov. Lic No. 1561/079/080
साबिक: GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977-1-5915260 I E-mail: goodluckmanpower022@gmail.com

## UAE मा रोजगार

MUKEEN RIYAZUDDIN TECHNICAL SERVICES LLC, UAE
पूर्व स्विकृति मिति: 2026/10/05 चलानी नं. 60262143 LT No. 348979

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने रू | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | (Lady) Cleaners | 06 | [illegible] | 1400 | 58711 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८३ असोज २८ गते (14 October 2026) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क
श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, सम्पर्क व्यक्ति:- लाल पुन, ९८४१०३६७१३

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८३/०६/२१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा भुलवस प्रकाशित गर्न छुटेकोले यसै सूचनालाई आधार मानी आज मिति २०८३/०६/२२ गते प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

मध्यान्ह
www.madhyanhadaily.com
२२ असोज २०८३ बिहीबार
8 October 2026 Thursday

सम्पादकीय

# न्यायालयमा वरीयता संकट

न्यायालयमा देखिएका पछिल्ला घटनाले न्यायको निष्पक्षताभन्दा धेरै न्यायालय सञ्चालनको शैलीको आलोचना भइरहेको छ । सर्वोच्च अदालतको संवैधानिक इजलास गठनदेखि न्यायाधीश सिफारिसका विषयमा वरीयता, पारदर्शिता र स्थापित प्रक्रियाको पालनाको प्रश्न उठेको छ । बुधबार संवैधानिक इजलास नै बस्न सकेन । न्यायाधीश हरि फुयाँलले आफूलाई इजलासमा समावेश गरिएको आधारबारे प्रधानन्यायाधीश डा. मनोज शर्मासँग प्रश्न उठाउँदै नबस्ने अडान लिए । त्यसपछि अन्य न्यायाधीशहरूले पनि संवैधानिक इजलासमा बस्ने न्यायाधीश छनोटको मापदण्ड प्रस्ट हुनुपर्ने अडान लिए । जसले इजलास गठन प्रक्रियामा देखिएको असन्तुष्टि सतहमा ल्याएको छ । इजलास गठनमा निश्चित मापदण्ड वा पारदर्शी विधि अपनाउनुपर्ने फुयाँललगायत न्यायाधीशहरूले बताउँदै आएका छन् । आफू प्रधानन्यायाधीश भएपछि शर्माले तेस्रो वरीयताका फुयाँललाई तीन महिनादेखि संवैधानिक इजलासमा राखेका थिएनन् । तर, बुधबार राखिएपछि उनले पहिले नराख्नु र अहिले राख्नुको आधार खोजे । नेपाल बार एसोसिएसन र कानुन व्यवसायीले पनि वरीयता र स्पष्ट आधारको माग गर्दै आएका छन् ।

यही पृष्ठभूमिमा न्यायपरिषद्ले सर्वोच्च अदालतका रिक्त चार न्यायाधीशका लागि गरेको सिफारिस पनि सर्वसम्मत हुन सकेन । मुख्य न्यायाधीशपछिका केही वरिष्ठ न्यायाधीशलाई पन्छाएर तुलनात्मक रूपमा कनिष्ठ न्यायाधीशलाई सिफारिस गरिएको विषयमा परिषद्का सदस्यबाटै फरक मत आएको छ । संविधानले वरिष्ठतम न्यायाधीश नै सर्वोच्चको न्यायाधीश वा प्रधानन्यायाधीश हुनुपर्ने बाध्यकारी व्यवस्था नगरे पनि वरीयताको परम्परा र अभ्यास मिच्न खोज्दा विवाद बढ्दै गएको देखिन्छ । न्यायालयमा वरीयता आफैंमा नियुक्तिको एकमात्र मापदण्ड नहोला । तर स्थापित अभ्यासभन्दा फरक निर्णय गरिन्छ भने त्यसको आधार अझ पारदर्शी र विश्वसनीय हुनुपर्छ । अन्यथा निर्णय व्यक्तिको रूचि, पहुँच वा स्वेच्छाचारी अधिकार प्रयोगबाट भएको आशंका जन्मिन सक्छ ।

प्रधानन्यायाधीश न्यायालयको नेतृत्वकर्ता मात्र होइन, संस्थागत विश्वसनीयताको प्रमुख जिम्मेवार पनि हुन् । त्यसैले इजलास गठन, न्यायाधीशको जिम्मेवारी बाँडफाँट र न्यायपरिषद्को सिफारिसमा उब्जिएका चासोलाई सम्बोधन गरेरै अघि बढ्नुपर्छ, पन्छिन मिल्दैन ।

न्यायालयभित्र मौलाउँदै गएको बेथितिलाई सामान्य प्रशासनिक कमजोरी मात्र भनेर उम्किनु हुँदैन । यसको प्रत्यक्ष असर न्यायालयप्रतिको जनआस्थामा पर्छ । न्याय दिने संस्थामै प्रक्रिया अस्पष्ट भयो, वरीयता सुविधाअनुसार प्रयोग भयो र निर्णयको आधार स्पष्ट भएन भने न्यायको निष्पक्षतामाथि नै प्रश्न उठ्छ । त्यसैले अब व्यक्तिको पक्ष वा विपक्षमा बहस गर्नुभन्दा प्रक्रियाको पक्षमा उभिनु आवश्यक छ । न्यायालयलाई बलियो बनाउन पारदर्शी मापदण्ड, संस्थागत निर्णय र स्पष्ट जवाफदेहिता अपरिहार्य छन् । अहिले उठेका हरेक प्रश्नको जवाफ प्रधानन्यायाधीश शर्माले दिनुपर्छ ।

# जलवायु न्यायको नेपाली प्रश्न

भदौ १० को भोटेकोशी-त्रिशूली बाढीले नेपालसामु विपद् व्यवस्थापनभन्दा ठुलो प्रश्न खडा गरेको छ- जलवायु संकटमा नगण्य योगदान गर्ने नेपालले यसको मूल्य किन यति ठुलो चुकाउने ? हिमपहिरो, हिमनदी परिवर्तन र बढ्दो तापक्रमबीचको सम्बन्धबारे थप अध्ययन आवश्यक भए पनि जोखिम बढिरहेको यथार्थ स्पष्ट छ । अब राहतसँगै जलवायु न्याय, पूर्वसूचना र हानि-नोक्सानी सम्बोधनमा नेपालको आवाज बलियो बनाउनुपर्छ ।

अग्रलेख



● सोमलाल सिङ्तान

गत भदौ १० नेपालको इतिहासमा पीडादायी दिनका रूपमा अंकित भएको छ । भोटेकोशी-त्रिशूली नदी प्रणालीमा आएको विनाशकारी बाढी र त्यससँग जोडिएको हिमपहिरो/हिमनदीजन्य घटनाले रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठुलो मानवीय तथा भौतिक क्षति पुऱ्यायो ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)को प्रारम्भिक आकलनअनुसार प्रभावित क्षेत्रमा करिब २२ लाख टन मलबा (गेग्रान) थुप्रिएको अनुमान गरिएको छ । यसमा भवनका भग्नावशेष, घरायसी सामान, वनस्पति, चट्टान तथा नदीले बगाएर ल्याएको अवसादसमेत समेटिएको छ । युएनडिपीले यो प्रारम्भिक अनुमान भएकाले थप तथ्यांकसँगै परिमार्जन हुनसक्ने जनाएको छ ।

यसलाई केवल एउटा प्राकृतिक विपद्का रूपमा बुझेर टुंग्याउने हो भने घटनाले उठाएको ठुलो प्रश्न छुट्न सक्छ । प्रश्न हो- जलवायु परिवर्तनमा नेपालको योगदान अत्यन्त न्यून हुँदाहुँदै जलवायुजन्य जोखिमको यति ठुलो मूल्य नेपालले किन चुकाइरहेको छ ?



राष्ट्रिय भूकम्प प्रविधि समाज नेपालको प्रारम्भिक प्राविधिक विश्लेषणअनुसार, चीन-नेपाल सीमातर्फको उच्च भूभागमा ठुलो हिमपहिरो भएको र त्यसले तलतर्फका हिमनदीजन्य तथा पर्वतीय सामग्री बगाउँदै अत्यधिक गतिशील रूप लिएको देखिन्छ । त्यसपछि माथिल्लो भोटेकोशी जलाधारमा ठुलो परिमाणको पानी, बरफ, चट्टान र माटो मिसिएको बाढी विकसित भएको प्रारम्भिक विश्लेषण छ । तर एउटा कुरा स्पष्ट बुझ्न आवश्यक छ- कुनै एउटा विपद्को तत्काल भौतिक ट्रिगर र त्यसको दीर्घकालीन जलवायु पृष्ठभूमि एउटै कुरा होइन । त्यसैले 'जलवायु परिवर्तनकै कारण यो हिमपहिरो भयो' भनेर निश्चित निष्कर्ष निकाल्नु वैज्ञानिक रूपमा उचित हुँदैन । तर बढ्दो तापक्रम, हिमनदीमा भइरहेको परिवर्तन, हिउँ-बरफको क्षय तथा हिमाली भूभागको अस्थिरताले भविष्यका जोखिमलाई गम्भीर बनाइरहेको तथ्यलाई पनि बेवास्ता गर्न मिल्दैन ।

युएनडिपीको १ सेप्टेम्बरको प्रारम्भिक विवरणअनुसार नेपाल सरकारले १७ स्थानीय तहमा ८४ हजार २७० मानिस प्रभावित भएको अनुमान गरेको थियो । सोही विवरणमा एक हजार ४०० भन्दा बढी मानिसको मृत्यु र ६ हजारभन्दा बढी मानिस बेपत्ता भएको रिपोर्ट उद्धृत गरिएको छ । उद्धार तथा खोजी कार्यसँगै तथ्यांक परिवर्तन हुनसक्ने भएकाले अन्तिम आधिकारिक तथ्यांकलाई नै आधार मान्नुपर्छ ।

तर तथ्यांकको पछाडि रहेका मानवीय पीडालाई केवल संख्यामा सीमित गर्न सकिँदैन । घर, व्यवसाय, रोजगारी र आफन्त गुमाएका परिवारका लागि यो विपद् जीवनकै ठुलो संकट हो । त्यसैले विपद्लाई केवल 'प्राकृतिक घटना' भनेर हेर्नु पर्याप्त हुँदैन । यसले अर्को गम्भीर प्रश्न पनि उठाउँछ- जलवायु संकट सिर्जना गर्नमा नेपालको योगदान अत्यन्त न्यून हुँदाहुँदै त्यसको मूल्य नेपालले यति ठुलो किन चुकाउनुपर्छ ? यहीँबाट जलवायु न्यायको बहस सुरु हुन्छ ।

**हानि-नोक्सानी : नेपालको आवाज**

यस विपद्को तत्काल भौतिक प्रक्रिया चट्टानसहितको हिमपहिरो र त्यसबाट विकसित चट्टान तथा मलबासहितको तीव्र बाढीसँग जोडिएको प्रारम्भिक वैज्ञानिक विश्लेषणले देखाएको छ । तर यसको व्यापक पृष्ठभूमिमा हिमालयमा बढ्दो तापक्रम, हिमनदीको परिवर्तन र पर्वतीय भूभागको अस्थिरताले भविष्यका जोखिमबारे गम्भीर प्रश्न उठाइरहेका छन् ।

यसको अर्थ हरेक हिमपहिरो वा बाढीको प्रत्यक्ष कारण जलवायु परिवर्तन नै हो भन्ने होइन । तर विश्वव्यापी तापक्रम वृद्धि, हिमाली प्रणालीमा आएको परिवर्तन र हिमनदी तथा पर्वतीय जोखिमबीचको सम्बन्धबारे बढ्दो वैज्ञानिक चिन्तालाई बेवास्ता गर्न पनि मिल्दैन । नेपालका लागि चुनौती यही हो- विश्वव्यापी जलवायु परिवर्तनको प्रभाव हिमाली क्षेत्रमा देखिँदै जाँदा त्यसको असर तल्लो भूभागका बस्ती, पूर्वाधार र स्थानीय अर्थतन्त्रसम्म आइपुग्छ ।

जलवायु परिवर्तनको एउटा ठुलो विरोधाभास यही हो- जसको योगदान कम छ, उसैले असर बढी भोगिरहेको छ । नेपालको राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी) ३.० ले नेपाललाई विगत र वर्तमान विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा न्यून योगदान गर्ने तर जलवायु प्रभावप्रति उच्च जोखिममा रहेको देशका रूपमा प्रस्तुत गरेको छ ।

एनडिसी ३.० ले बाढी, पहिरो, हिमताल विस्फोटजन्य बाढी, हिमनदी पग्लिने क्रमलगायतका कारण नेपालले हानि-नोक्सानी भोगिरहेको उल्लेख गर्दै जलवायु वित्त, प्रविधि हस्तान्तरण तथा क्षमता विकासका लागि अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता औंल्याएको छ । यही नै जलवायु न्यायको मूल प्रश्न हो । यदि योगदान समान छैन भने जलवायु संकटबाट उत्पन्न क्षतिको भार पनि समान हुनुपर्छ भन्ने धारणा कति न्यायपूर्ण हुन्छ ?

विपद्पछि विभिन्न देश तथा अन्तर्राष्ट्रिय संस्थाबाट उद्धार, राहत, स्वास्थ्य तथा प्राविधिक सहयोग आउनु आवश्यक छ । संकटको समयमा मानवीय सहयोगको महत्व अस्वीकार गर्न सकिँदैन । तर नेपालले प्रत्येकपटक विपद् आएपछि राहत खोजिरहने कि दीर्घकालीन जोखिम न्यूनीकरणमा पनि अन्तर्राष्ट्रिय सहयोगको माग गर्ने भन्ने प्रश्न उठ्छ ।

नेपाललाई जलवायु जोखिम न्यूनीकरण, अनुकूलन, आधुनिक प्रविधि, पूर्वसूचना प्रणाली, हिमाली क्षेत्रको वैज्ञानिक अनुसन्धान तथा अपरिहार्य हानि-नोक्सानी सम्बोधनका लागि पर्याप्त स्रोत आवश्यक छ । राहतले तत्कालको संकट व्यवस्थापन गर्छ । जलवायु न्यायले त्यस्तो संकटको जोखिम किन बढिरहेको छ र त्यसको भार कसरी न्यायपूर्ण रूपमा बाँड्ने भन्ने प्रश्न उठाउँछ ।

जलवायु परिवर्तनसँग जुध्न अनुकूलन आवश्यक छ । तर सबै क्षति अनुकूलनबाट रोक्न सकिँदैन । मानिसको ज्यान जान सक्छ, घर र जमिन नष्ट हुन सक्छ, पूर्वाधार बग्न सक्छ, रोजगारी गुम्न सक्छ र स्थानीय अर्थतन्त्र तथा सांस्कृतिक सम्पदामा दीर्घकालीन असर पर्न सक्छ । यस्ता अपरिहार्य क्षति र हानिलाई अन्तर्राष्ट्रिय जलवायु बहसमा हानि-नोक्सानीको अवधारणासँग जोडिन्छ ।

नेपालका लागि यो अन्तर्राष्ट्रिय सम्मेलनमा प्रयोग हुने शब्द मात्र होइन । विपद्मा घर, जमिन, व्यवसाय वा जीविकोपार्जन गुमाएका परिवारको वास्तविकतासँग यसको प्रत्यक्ष सम्बन्ध छ । त्यसैले नेपालको माग केवल 'राहत दिनुस्' भन्नेमा सीमित हुनु हुँदैन । न्यायपूर्ण जलवायु वित्त, प्रविधि, अनुकूलन सहयोग र हानि-नोक्सानी सम्बोधनका लागि प्रभावकारी अन्तर्राष्ट्रिय संयन्त्रमा नेपालको पहुँच बलियो हुनुपर्छ ।

जलवायु न्यायको माग गर्नु भनेको आफ्नो कमजोरी लुकाउनु होइन । नेपालले आफैंलाई पनि कठोर प्रश्न सोध्नुपर्छ- जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तार कति सुरक्षित छ ? नदी किनारको निर्माण वैज्ञानिक छ ? जलविद्युत् आयोजना बनाउँदा भविष्यको जलवायु जोखिम पर्याप्त मूल्यांकन गरिएको छ ? हिमाली क्षेत्रमा पर्याप्त पूर्वसूचना प्रणाली छ ? स्थानीय तहमा विपद् पूर्वतयारी कति प्रभावकारी छ ? जोखिमयुक्त पूर्वाधारको पुनरावलोकन भइरहेको छ ?

त्यसैले नेपालको जिम्मेवारी दुई तहमा देखिन्छ । पहिलो, राष्ट्रिय तहमा वैज्ञानिक, जिम्मेवार र जोखिम-सचेत विकास। दोस्रो, अन्तर्राष्ट्रिय तहमा जलवायु न्याय, वित्त, प्रविधि र हानि-नोक्सानीका लागि प्रभावकारी पैरवी । जलवायु न्याय अरूलाई दोष लगाएर आफू उम्किने विषय होइन । यो अन्तर्राष्ट्रिय जिम्मेवारीको न्यायपूर्ण बाँडफाँटसँगै राष्ट्रिय उत्तरदायित्वको विषय पनि हो ।

**अब के गर्नुपर्छ ?**

यो विपद्लाई केही दिनको राहत र समाचारमा सीमित राख्नु हुँदैन । यस विपद्ले नेपाललाई एउटा ठुलो चेतावनी दिएको छ । यो केवल एउटा नदीको बाढी थिएन । यसले हाम्रो विकासको शैली, विपद् पूर्वतयारी, हिमाली क्षेत्रमा बढ्दो जोखिम र जलवायु न्यायमाथि प्रश्न उठाएको छ ।

यदि हिमाली प्रणाली थप अस्थिर हुँदै गयो भने यसको मूल्य कसले चुकाउने ? नेपालले, हिमालमा निर्भर करोडौं मानिसले ? वा जोखिम सिर्जना र समाधानमा आफ्नो भूमिकाअनुसार विश्व समुदायले पनि जिम्मेवारी निर्वाह गर्ने ?

हिमनदी, हिमताल र हिमाली भूभागको निरन्तर वैज्ञानिक अनुगमन आवश्यक छ । हिमाली क्षेत्रमा आधुनिक तथा बहुजोखिम पूर्वसूचना प्रणाली विस्तार गर्नुपर्छ । जोखिमयुक्त बस्ती तथा पूर्वाधारको वैज्ञानिक पहिचान गरी सुरक्षित पुनर्स्थापनाको योजना बनाउनुपर्छ ।

जलविद्युत्, सडक, पुललगायत ठुला पूर्वाधारलाई जलवायु-लचिलो ढाँचामा निर्माण गर्नुपर्छ । अन्तर्राष्ट्रिय जलवायु वित्तमा नेपालको पहुँच बढाउनुपर्छ । हानि-नोक्सानीसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रबाट स्रोत परिचालन गर्नुपर्छ । हिमालयसँग जोडिएका देशबीच सूचना, प्रविधि र विपद् व्यवस्थापनमा सीमापार सहकार्य बढाउनुपर्छ । त्यससँगै स्थानीय समुदायको ज्ञान र सहभागितालाई विपद् व्यवस्थापनमा जोड्न आवश्यक छ ।

विकास र वातावरणलाई अलग विषयका रूपमा होइन, जलवायु-लचिलो विकासको एउटै ढाँचामा अघि बढाउनुपर्छ । नेपाललाई सहानुभूति र मानवीय सहयोग चाहिन्छ । पुनर्निर्माण आवश्यक छ । प्रविधि, पूर्वसूचना र अनुकूलन क्षमता आवश्यक छ । तर जहाँ क्षति अपरिहार्य हुन्छ, त्यहाँ हानि-नोक्सानीको न्यायपूर्ण सम्बोधन पनि आवश्यक हुन्छ ।

नेपालले विश्वव्यापी जलवायु संकट सिर्जना गर्नमा नगण्य भूमिका खेलेको हुन सक्छ, तर त्यसको असरबाट नेपाल उम्कन सक्दैन । नेपालको उत्सर्जन न्यून हुन सक्छ, तर जोखिम न्यून छैन । त्यसैले जलवायु परिवर्तनको बहस सम्मेलन र भाषणमा मात्र सीमित हुनु हुँदैन । यसलाई बजेट, नीति, पूर्वाधार, विपद् व्यवस्थापन, कूटनीति र विकास योजनाको केन्द्रमा राख्नुपर्छ । नेपाललाई सहानुभूति मात्र होइन, जलवायु न्याय चाहिन्छ ।

# बाढीले बगाएको सपना

समाज



● नारायणबहादुर बस्नेत

*भोटेकोशी-त्रिशूलीको बाढीले घर, संरचना र जीवनका अनेक सपना बगायो । तर विपत्तिपछिको पुनर्निर्माण ईँटा र सिमेन्टमा सीमित हुनुहुँदैन । बालबालिकाको शिक्षा, वृद्धको सुरक्षा र विस्थापित परिवारको भविष्यलाई केन्द्र मा राखेर जीवन पुनर्निर्माण गर्ने संकल्प अब आवश्यक छ । बाढीले घर बगाउन सक्छ, सपना होइन ।*

केहीअघि काँकरभिट्टामा कविता र गजल सुनाउने कार्यक्रम थियो । आफ्ना अनुभूति बाँड्ने अवसर पनि थियो । तर त्यसबेला मनमा प्रेमका कविता आएनन्, फूलका उपमा आएनन् । मनमा एउटा नदी थियो, जसले केही दिनअघि हजारौं मानिसका सपना बगाएर लगेको थियो ।

भदौ १० गते भोटेकोशी र त्रिशूलीमा आएको भीषण बाढी सम्झिँदा मन अझै भारी हुन्छ । त्यो केवल पानीको भेल थिएन । कतिपय परिवारका लागि घरको अन्तिम ढोका थियो । कतिपय आमाबाबुका लागि सन्तान गुमाएको पीडा थियो । कतिपय बालबालिकाका लागि कापी-किताबसँगै आफ्नो बाल्यकाल नै बगेर गएको क्षण थियो । रसुवाका बस्तीमा बाढीले छोडेको माटो मात्र थिएन, सम्झनाहरू पनि थुप्रिएका थिए । कुनै आमाले हराएको सन्तानको खोजी गरिरहेकी थिइन् । कुनै बाबु भग्न घरमा जीवनका बाँकी चिनो खोजिरहेका थिए । कुनै वृद्धले जीवनभरको कमाइले बनाएको घर गुमाएर अस्थायी आश्रयमा दिन काटिरहेका थिए । कुनै बालकले सायद अझै बुझ्न सकेको थिएन-किन उसको विद्यालयको झोला फेरि कक्षाकोठामा फर्कन सकेन ।

बाढीपछि राहत आवश्यक थियो । खाना, लुगा र औषधि आवश्यक थियो । तर त्यतिमै जिम्मेवारी पूरा हुने अवस्था थिएन । भोक मेटिएपछि भविष्य पनि जोगाउनुपर्ने थियो ।

रसुवाका बालबालिकालाई नयाँ भवन मात्र होइन, फेरि पढ्ने अवसर चाहिएको थियो । कापी-कलम हराएका थिए भने कापी-कलम दिनुपर्थ्यो । विद्यालय बगेका थिए भने अस्थायी कक्षाबाट भए पनि पढाइ निरन्तर राख्नुपर्थ्यो । केही महिनाको शैक्षिक अवरोधले एउटा बालकको भविष्य बर्सौं पछाडि धकेलिन सक्छ । बाढीले उनीहरूको घर बगाएको थियो, सपना होइन । त्यो सपना जोगाउने जिम्मेवारी समाजकै थियो ।

अर्को महत्त्वपूर्ण पक्ष वृद्ध आमाबाबुको सुरक्षा थियो । जीवनभर परिवार र समाजका लागि योगदान दिएका उनीहरू आफैं आश्रय खोज्दै हिँड्नुपर्ने अवस्था पीडादायी थियो । उनीहरूलाई सुरक्षित बसोबास, स्वास्थ्य सेवा, औषधि, पोषण र आफ्ना मान्छेको साथ आवश्यक थियो । पुनर्निर्माणको पहिलो ढुंगासँगै वृद्धको सुरक्षालाई पनि जोड्नुपर्ने थियो ।



बाँचेकाहरूलाई रात काट्ने छानो मात्र होइन, फेरि जीवन उभ्याउने आधार चाहिएको थियो । घर हिजो जहाँ थियो, त्यहीँ बनाउने कि भविष्यमा फेरि नदीको भेलले नबगाउने सुरक्षित ठाउँ रोज्ने ? यो प्रश्न पुनर्निर्माणसँगै उठेको थियो । त्यसैले पुनर्निर्माण ईँटा, बालुवा र सिमेन्टको काम मात्र हुनु हुँदैन । भूगोल, नदीको स्वभाव र भविष्यको जोखिम बुझेर सुरक्षित बस्ती निर्माण गर्नुपर्छ । प्रभावित बस्तीको सुरक्षित स्थानान्तरणबारे पनि अध्ययन र छलफल आवश्यक देखिएको थियो ।

सरकारको प्रारम्भिक आकलनले पुनर्निर्माणको आवश्यकता ठुलो रहेको देखाएको थियो । हजारौं घर, सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था र अन्य संरचना क्षतिग्रस्त भएका थिए । त्यसैले राहतसँगै पुनर्स्थापना र पुनर्निर्माणलाई राष्ट्रिय प्राथमिकता दिनुपर्ने अवस्था थियो ।

तर काँकरभिट्टामा कविता सुनाउन जाँदा म सरकारलाई मात्र प्रश्न गर्न चाहन्नथें । म आफैंलाई पनि प्रश्न गरिरहेको थिएँ ।

रसुवाको दुःखमा मेरो कति हिस्सा छ ? एउटा बालकको आँसु पुछ्न मैले के गरेँ ? एउटा वृद्धलाई सुरक्षित बनाउने मेरो भूमिका के हो ? घर गुमाएको परिवारलाई फेरि जीवनमा फर्काउने यात्रामा मेरो योगदान कति छ ? विपत्तिमा सरकार चाहिन्छ । सुरक्षा निकाय चाहिन्छ । विज्ञ र स्वयंसेवी संस्था चाहिन्छन् । तर त्यससँगै मानवता पनि चाहिन्छ । राहतमा प्रतिस्पर्धा होइन, सहयोगमा एकता खोजिनुपर्छ । कसले कति दियो भन्ने हिसाबभन्दा कसको जीवन उठ्यो भन्ने प्रश्न ठुलो हो । बाढीले धनी-गरिब, जात-धर्म र दल छुट्याएन । उसले मानिसलाई आफ्नो भेलमा बगायो । अब पुनर्निर्माणले पनि मानिसलाई छुट्याउनु हुँदैन । त्यो विपत्तिपछि एउटा नयाँ सपना देख्नुपर्ने थियो- बालबालिका फेरि विद्यालयको पोसाकमा देखियून्, वृद्धहरू सुरक्षित घरको आँगनमा घाम ताप्न पाऊन् र आमाहरूले सन्तान फर्केर आउने बाटो होइन, विद्यालयबाट फर्केर आउने बाटो हेरून् । भोटेकोशी बगिरहेको थियो । त्रिशूली बगिरहेको थियो । नदीलाई रोक्न सकिँदैन । तर नदीले फेरि मानिसको जीवन नरोकोस् भनेर हामी सिक्न सक्छौं । त्यसैले मेरो कविता दुःखको मात्र कविता होइन । यो पुनर्जन्मको कविता हो, आशाको कविता हो र एउटा प्रश्न पनि हो । बाढीले बगाएको घर त हामी बनाउँला, तर बग्न लागेको भविष्य कसले जोगाउने ?

उत्तर हामी सबैले मिलेर दिनुपर्छ । रसुवाका बालबालिकाको भविष्य जोगाउनुपर्छ । वृद्धहरूको सुरक्षा सुनिश्चित गर्नुपर्छ । बाँचेकाहरूलाई सम्मानपूर्वक पुनर्स्थापित गर्नुपर्छ । पुनर्निर्माणलाई संरचना बनाउने काममा सीमित नराखी जीवन पुनर्निर्माण गर्ने अभियान बनाउनुपर्छ । त्यसपछि मात्र भोटेकोशीको कहालीलाग्दो भेलबाट एउटा नयाँ इतिहास जन्मिनेछ । बाढीले धेरै कुरा बगायो, तर हाम्रो मानवता बग्न दिनु हुँदैन ।

इतिहासको पाना ● सन्तोष खडेरी

## १११ दिनमै पदच्युत देवशमशेर



सन् १९०१ मार्च ५ मा महाराज वीरशमशेरको निधनपछि राणा रोलक्रममा दोस्रो वरीयताका देवशमशेर जंगबहादुर राणा श्री ३ महाराज तथा प्राइममिनिस्टर बने । तर उनको शासन लामो टिकेन । आफ्नै भाइ-भतिजाको सत्तासंघर्षको कोपभाजनमा परेर उनी १११ दिनमै पदच्युत भए ।

सन् १९०१ जुन २६ मा दरबार स्कुलमा पुरस्कार वितरण गरी फर्किएका देवशमशेरलाई वीरशमशेरका छोराहरूको अंशबन्डासम्बन्धी विवाद मिलाउने बहानामा सेतो दरबार लगियो । त्यहीँ उनलाई नियन्त्रणमा लिएर धनकुटातर्फ पठाइयो । एक रेजिमेन्ट सेनाको साथमा काठमाडौंबाट एक्लै पठाइएका उनी २६ दिनपछि धनकुटा पुगे । धनकुटाबाट इलाम र माइपोखरी हुँदै अक्टोबर ३० मा दार्जिलिङ पुगे । त्यसपछि उनी नेपाल फर्किएनन् ।

काठमाडौंबाट हटाइएपछि थापाथली दरबारका २१ हात्ती-घोडा, बग्गी, साज र तामदान सरकारले कब्जामा लियो । त्यसबापत कम्पनी रुपैयाँ ७५ हजार २ सय दिइएको थियो । अपदस्थ भए पनि चन्द्रशमशेरले उनको सम्पत्ति जफत गरेका थिएनन् । त्यतिबेला कोलकातास्थित बैंक अफ बंगालमा देवशमशेरको खातामा करिब २ लाख २३ हजार भारतीय कम्पनी रुपैयाँ थियो । उनको सम्पत्ति सनद गरी नेपालमै सुरक्षित राखिएको थियो ।

भारतमा देवशमशेरले राजकुमारी शारदाकुमारीसँग विवाह गरेका थिए । सन्तान नभए पनि शारदाकुमारीले देवशमशेरका अन्य रानीबाट जन्मिएका सन्तानको अभिभावकत्व ग्रहण गरिन् । देवशमशेरको सन् १९१४ फेब्रुअरी २० मा मसुरीमा निधन भयो ।

तस्बिरमा भारतमा रहेका देवशमशेर र उनकी कान्छी रानी शारदाकुमारी ।

ताजा इनिसिएटिभको सर्वेक्षण

# प्रदूषण नियन्त्रणमा सरकारी प्रयासप्रति ७० प्रतिशत उपत्यकावासी असन्तुष्ट




**काठमाडौं/मस-** सन् २०२६ मा स्थापित गैर-नाफामूलक संस्था 'ताजा इनिसिएटिभ नेपाल' ले काठमाडौं उपत्यकाका १२ सय बासिन्दामाझ गरेको नयाँ सर्वेक्षणले वायु प्रदूषणप्रतिको तीव्र जनचासो र आधिकारिक तथ्यांकमा पहुँचबीच गम्भीर खाडल रहेको देखाएको छ ।

सर्वेक्षण अनुसार उपत्यकाका ८१.२ प्रतिशत बासिन्दाहरूले यहाँको वायु प्रदूषणलाई स्वास्थ्यका लागि हानिकारकदेखि अत्यन्त हानिकारक मान्दै आएका छन् । तर, वायुको गुणस्तर जाँच्नेहरूमध्ये ९४.१ प्रतिशतले कुनै आधिकारिक वा वैज्ञानिक तथ्यांकको सट्टा आफ्नै इन्द्रियहरू (गन्ध, दृश्यता र आँखामा हुने जलन) का आधारमा प्रदूषण अड्कल गर्ने गरेका छन् । समग्रमा ५२.३ प्रतिशत बासिन्दाले आफ्नो क्षेत्रको हावालाई खराब वा अति खराब श्रेणीमा राखेका छन् ।

सहरी क्षेत्रका आधारमा हेर्दा ललितपुरका ६०.९ प्रतिशत, काठमाडौंका ५९.२ प्रतिशत र भक्तपुरका ५६.० प्रतिशत उत्तरदाताले स्थानीय वायुको गुणस्तरप्रति नकारात्मक धारणा व्यक्त गरेका छन् भने उत्तर काठमाडौंमा यो दर ३५.९ प्रतिशत मात्र छ ।

वायु गुणस्तर जाँच्ने ज्ञान शैक्षिक स्तर अनुसार फरक पाइएको छ। प्राथमिक वा सोभन्दा कम शिक्षा हासिल गरेका उत्तरदातामध्ये १०.८ प्रतिशतले मात्र वायु गुणस्तर जाँच्न जानेको बताएका छन् भने स्नातकोत्तर वा सोभन्दा माथिल्लो योग्यता भएकाहरूमा यो दर ६३.० प्रतिशत छ ।

डिजिटल निगरानीमा १८ देखि २४ वर्ष उमेर समूहका युवाहरू बढी सक्रिय छन्, जसमध्ये सक्रिय रूपमा प्रदूषण ट्र्याक गर्ने ६०.३ प्रतिशतले वेबसाइट र ४२.५ प्रतिशतले मोबाइल एप प्रयोग गर्छन् । यद्यपि, यो तथ्यांक सम्पूर्ण १८-२४ उमेर समूहको क्रमशः १४.१ प्रतिशत र १०.० प्रतिशत मात्र हो, जसले अझै पनि ठुलो संख्याले नियमित निगरानी नगर्ने व्यवहारलाई झल्काउँछ ।

सर्वेक्षणमा सहभागी ९८.६ प्रतिशत बासिन्दाले सवारी साधनको धुवाँ र ९४.८ प्रतिशतले सडक निर्माणको धुलोलाई वायु प्रदूषणको मुख्य कारक मान्दै औंल्याएका छन् । वायु प्रदूषण न्यूनीकरणका लागि सरकारी प्रयासहरूप्रति ७०.४ प्रतिशत उत्तरदाताले असन्तुष्टि व्यक्त गरेका छन् ।

यसैगरी, ७९.९ प्रतिशतले सार्वजनिक यातायातको विस्तार र विद्युतीय गतिशीलता (इलेक्ट्रिक मोबिलिटी) तथा ७१.५ प्रतिशतले कडा धुलो नियन्त्रण उपायहरू र सहरी हरियालीको पक्षमा समर्थन जनाएका छन् ।

स्वास्थ्य सुरक्षाका लागि ८२.० प्रतिशतले सर्जिकल मास्क वा स्कार्फमा भर पर्ने बताए पनि ४३.४ प्रतिशतले वायु प्रदूषणबाट बच्न कुनै पनि व्यक्तिगत कदम नचालेको बताएका छन् । यस्तै, काठमाडौं उपत्यका छाड्ने विचार गरिरहेका ७.२ प्रतिशत उत्तरदातामध्ये ३९.१ प्रतिशतले खराब वायु गुणस्तरलाई एक प्रमुख कारण मान्दै यसलाई दोस्रो ठुलो कारकका रूपमा औंल्याएका छन् । जसमा पहिलो कारक आर्थिक दबाब र महंगी ४७.८ प्रतिशत छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०८/२२ मा दर्ता भएको **प्रा. लि. नं. १४२३९७** को श्री **अकबरअली एण्ड कम्पनी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०४/१० मा दर्ता भएको **प्रा.लि. नं. १५२५६४** को **हेल्थ एण्ड लाईफ क्लिनिक प्रा. लि.** को मिति २०८३/०६/२० गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः एक नारायण पौडेल,**
**इजाजत पत्र नं. ५६६, ठेगाना : आँधिखोला-२ स्याङ्जा, फोन नं. ९८४६०६०१५३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/१०/१८ मा दर्ता भएको **दर्ता नं. १०५३४१** को **ईजि वे क्यास एण्ड क्यारी प्रा. लि.** को मिति २०८३/०६/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय वमोजिम खारेजी लिक्वडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै प्रकारको लेनदेन बाँकी वक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः नीलकण्ठ पोखरेल,**
**इजाजत पत्र नं. ५१२,**
**ठेगाना : त्रिपुरेश्वर काठमाडौं,**
**फोन नं. ९८५१००६०४६**

---

# Sunchhahari Rural Municipality
# Office Of Rural Municipal Executive
**Pobang, Rolpa**
**Lumbini Province**

## Invitation for Bids

**(Date of First Publication: 2083/06/22 (08-10-2026, 12:00 pm)**

1. Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, invites Single-Stage, Single-Envelope (1S1E) Hard Copy Sealed Bids from eligible bidders for the procurement of following (described o the table) under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID | Description of works | Estimated Amount (without VAT & Contingency but including PS) NRs. | Bid Security NRs. | Bid Fee NRs. | Bid Validity/ Bid Security Validity Period |
|---|---|---|---|---|---|
| SRM/WORKS/ NCB/01/083-084 | Rangsi Damfu Sadak Nirman Aayojana | 9,180,416.08 | 260,000.00 | 3,000.00 | 90/120 days |
| SRM/WORKS/ NCB/02/083-084 | Goljabang-Majhibang-Aiselukharka-Okhareni Motar Bato Nirman Yojana | 2,765,364.98 | 80,000.00 | 3,000.00 | 90/120 days |
| SRM/TB/GOODS/ NCB/01/083-084 | Procurement of Fabricated Steel Parts of Trail Bridges | 3,144,461.24 | 90,000.00 | 3,000.00 | 90/120 days |

2. **Information of bank account:**

| Office Name | Sunchhahari Rural Municipality, Pobang, Rolpa | Nepal SBI Bank Ltd, Sunchhahari Branch, Rolpa |
|---|---|---|
| Account Name | SUNCHHAHARI RMU GA 1.1 ANTARIK RAJASWA KHATA | SUNCHHAHARI RMU GA 3.1 STHANIYA TAHA DHARAUTI KHATA |
| Account No. | 43595241207004 | 43525240600003 |

3. A complete set of Bidding Documents may be purchased from the office Sunchhahari Rural Municipality, Pobang, Rolpa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee of above mentioned amount till 2083/07/12 (2026-10-29) before 12:00 pm during office hours.
4. Sealed bids must be submitted to the office Sunchhahari Rural Municipality, Pobang, Rolpa by hand/courier on or before 12:00 pm on 2083/07/12 (2026-10-29). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 2083/07/12 (2026-10-29) at the office of Sunchhahari Rural Municipality, Pobang, Rolpa. Any conditions so far not covered shall be as per Public Procurement Act, 2063 (Amendment-2083) and Public Procurement Regulation, 2064.
6. For more information, contact at office of Sunchhahari Rural Municipality, Pobang, Rolpa. Telephone : 9857825093

**Chief Administrative Officer**

---

## बहराइनमा रोजगार

कम्पनीः AMBALI CLEANING & CONTRACTING शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०७/२१ चलानी नं.: ६०२४७१४७ LT. No.: 333503 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 13 | 0 | स. काममा दक्ष | 100 | ४०,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २९ गते (15 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Well Growing Recruitment (P.) Ltd.**
श्रम इजाजत नं. १५१३/०७४/०७५
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635, 9851130173 (Sangita lamsal) | www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.

## ओमनमा रोजगार

कम्पनी : SOROUH ALDAR INTERNATIONAL शहर : OMAN,IBRI,OMAN
पूर्व स्वीकृत मितिः २०८३/०६/२१ चलानी नं.: ६०२६२२५१ L.T. No.: 349135

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WOMEN HAIR STYLIST | 0 | 1 | स. काममा दक्ष | 170 | ६७९९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २९ गते (15 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**RHYTHM OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825, 9804766695
9766461836 | 9801444116 | 9861734468 Email.: rhythmnepal@gmail.com

## युएईमा रोजगार

कम्पनीः MAX DUCT AIR CLEANING SERVICES L.L.C शहरः UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०८३/०६/२० चलानी नं.: ६०२६२२३७ LT. No.: 349080

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Mechanic Asst | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber/Pipe Fitter | 1 | 0 | | 1500 | ६२८९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २९ गते (15 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.**
Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9700829376 (Binod Kunwar)
Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

---

# मिक्वाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**थलङ, ताप्लेजुङ**
**कोशी प्रदेश, नेपाल**

## सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०६/२२)**

यस मिक्वाखोला गाउँपालिका, थलङ, ताप्लेजुङमा आवश्यक निम्न बमोजिम पदमा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले २०८३/०७/१८ गते कार्यालय समयभित्र यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | माग संख्या | आवेदन दस्तुर | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| 01-2083-84 | मेडिकल अधिकृत | ८ (आठौं) | १ | रु. १५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तीर्ण गरि NMC मा दर्ता भएको । |
| 02-2083-84 | स्टाफ नर्स | ५ (पाँचौ) | १ | रु. ७५० | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL नर्सिङ कोर्ष उत्तीर्ण गरि NMC मा दर्ता भएको । |
| 03-2083-84 | ल्याव असिष्टेन्ट | ४ (चौथो) | २ | रु. ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट १५ महिने ल्याब असिष्टेन्ट कोर्ष उत्तीर्ण गरि NMC मा दर्ता भएको । |
| 04-2083-84 | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | रु. ३०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा SLC वा SEE उत्तीर्ण गरेको । |
| 05-2083-84 | स्विपर | श्रेणी विहिन | २ | रु. ३०० | |

**आवश्यक कागजातः**
- व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाण पत्र
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, कार्य अनुभव भए अनुभवको प्रमाणपत्रहरु

**दरखास्त फारम पाउने स्थानः** मिक्वाखोला गाउँपालिकाको कार्यालय, यस गाउँपालिकाको वेवसाइट वा दिइएको QR Code Scan गरि download गर्न सकिनेछ ।

**आवेदन शुल्क बुझाउने विवरणः**
- **राजश्व शिर्षक नं.:** १४२२४ परिक्षा शुल्क
- **बैकः** प्रभु बैङ्क लिमिटेड, मिक्वाखोला शाखा
- **खाताको नाम र खाता नं.:-** मिक्वाखोला गाउँपालिका, आन्तरिक राजश्व खाता (2897088324800028) वा गाउँ कार्यपालिकाको कार्यालयको, राजस्व शाखाबाट पनि दस्तुर बुझाउन सकिनेछ।

**उमेर हदः** मेडिकल अधिकृतका लागि दरखास्त दिने अन्तिम मिति सम्ममा पुरुषको हकमा २१ वर्ष पुरा भई ३५ ननाघेको, महिलाको हकमा ४० ननाघेको नेपाली नागरिक र अन्य पदका लागि दरखास्त दिने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ ननाघेको, महिलाको हकमा ४० ननाघेको नेपाली नागरिक

**कार्यस्थान :-** मिक्वाखोला गाउँपालिका

**छनौटको विधि:-** छोटो सूची (short list), लिखित र अन्तवार्ता

**आवेदनको ढाँचा र अन्य जानकारीः**
- इच्छुक उम्मेदवारले इमेल (mikwakhola.vacancy@gmail.com) मार्फत पनि आवेदन दिन सक्नेछन्।
- आवेदन दिने प्रकृयाबारे थप जानकारीको लागि: 9749243550, 9808735650
- छोटो सूची (Short List) प्रकाशन पश्चात परीक्षाको मिति तोकिने छ।
- स्थानीयलाई प्राथमिकता दिइनेछ।म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।
- आवेदन दिने अन्तिम मितिमा बिदा परेमा बिदा पश्चातको कार्यालय खुल्ने दिन आवेदन दिन सकिनेछ ।
- बिदाको दिन समेत इमेल मार्फत आवेदन दिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## Bidding Announcement

The Royal Embassy of Saudi Arabia in Kathmandu would like to invite the eligible Cleaning Companies to bid as per following details:

| Bid Name | Bid No | Required Field | Place of receiving Document of terms and conditions | Final Date of presenting Bid | Place & timing of Opening Bids |
|---|---|---|---|---|---|
| Bid for Cleaning, Landscaping, Pest control Swimming pool services for Embassy & Residency | 2600665 | Experienced Companies in field of Cleaning, Landscaping, Pest control Swimming pool services (Supporting documents) | Embassy's chancery Contact No. 01-4720891 Ext: 1014-1007 E-mail: kaemb@mofa.gov.sa | 29-10-2026 Thursday, Time: 03:30 PM | Embassy's chancery 30-10-2026 Friday Time: 10:00 AM |

# लेतेदेखि कोरलासम्म रोकिए पाँच सयभन्दा बढी कन्टेनर



**मुस्ताङ/रासस-** मुस्ताङको लेतेदेखि कोरलानाकासम्म झन्डै पाँच सयको संख्यामा कन्टेनर सडकमा लामबद्ध रूपमा रोकिको अवस्थामा रहेको पाइएको छ। असोज ८ देखि ११ गतेसम्मको वर्षापछिको बाढी, पहिरो र हिमपातले सडक अवरुद्ध भएपछि एक सातादेखि ती कन्टेनर जिल्लाका विभिन्न ठाँउमा रोकिएका हुन् । भारी वर्षाबाट अवरुद्ध म्याग्दीको पोखरेबगर, कुनौटे र बैसरीलगायत स्थानमा सडक मर्मत भइरहेको छ । उक्त सडक सञ्चालनका लागि अझै एक साता लाग्ने त्यस सडक आयोजनाका प्राविधिकहरूले जनाएका छन् । उक्त सडक सञ्चालनमा नआउँदा ७० बढी कन्टेनर र सय बढी विद्युतीय सवारीसाधन जोमसोमस्थित बसपार्कमा राखिएको छ ।

बेनी-जोमसोम सडक अवरुद्ध रहेकै अवस्थामा कोरलानाकाबाट भने केही मालवस्तु बोकेका कन्टेनर जोमसोम ल्याइएको छ । कालीगण्डकी करिडोर सडक आयोजनाले जोमसोम–कोरला खण्डमा अवरुद्ध सडक मर्मत गरेपछि मुस्ताङ भन्सार बन्दरगाहमा रोकिएका ती केही मालवस्तुवाहक कन्टेनर जोमसोम ल्याइएको हो । यसअघि बाढी पहिरोबाट नाका क्षेत्रमा विद्युत् र इन्टरनेटको समस्या कारण चीनबाट ल्याइएका सामानको भन्सार जाँचपास हुन नसक्दा सयौंको संख्यामा ती कन्टेनर रोकिएका थिए ।

भारी वर्षापछिको बाढी, पहिरो र नदी कटानले म्याग्दी खण्डका दर्जनौं स्थानमा विद्युत् पोल क्षतिमा हुँदा एक सातादेखि मुस्ताङमा केन्द्रीय ३३ केभी विद्युत् प्रसारण लाइन र इन्टरनेट सेवा अवरुद्ध थियो । त्यसबाट उपल्लो मुस्ताङ भन्सार कार्यालयको नियमित सेवा प्रभावित हुँदै आएको थियो । कोरला नाकामै रोकिएका कन्टेनर चालक गोबिन्द गुरुङले कोरलानाकाबाट पैठारी गरिएका मालवस्तु बोकेका करिब ३०० कन्टेनर तथा २०० बढी विद्युतीय सवारी साधन भन्सार जाँचपासका लागि अहिले पनि रोकिएको बताए । चीनबाट कोरलानाका हुँदै पैठारी गरी नेपाल भित्र्याइएको दसैंतिहार लक्षित मालवस्तु समयमै गन्तव्यमा पुऱ्याउन नसक्दा व्यपारीमात्र होइन उपभोक्ता समेत इच्छाइएको सामग्री खरिद गर्नबाट वञ्चित हुनुपरेको छ । त्यसबाट नेपाली बजारसमेत आर्थिक रूपमा चलायमान हुनसकेको छैन ।

# एनआइसी एसिया बैंकका ग्राहकलाई होटल कन्ट्री भिल्लामा १० प्रतिशतसम्म छुट



**काठमाडौं/मस-** एनआइसी एसिया बैंकका ग्राहकले काभ्रेको नगरकोटस्थित होटल कन्ट्री भिल्लाका विभिन्न सेवामा १० प्रतिशतसम्म छुट पाउने भएका छन् । बैंक र होटलबीच ग्राहकलाई विशेष छुट प्रदान गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

समझदारीपत्रमा बैंकका तर्फबाट ट्रान्जेक्सन बैंकिङ प्रमुख पुजनलाल अमात्य र होटलका तर्फबाट फाइनान्स हेड सुरेन्द्र होराले हस्ताक्षर गरेका छन् ।

समझदारीअनुसार एनआइसी एसिया बैंकका ग्राहकले होटलको आवासीय सेवा तथा खाना र पेयपदार्थमा छुट सुविधा प्राप्त गर्न सक्नेछन् । डिलक्स वर्गका विभिन्न कोठाको आवासीय सेवा लिँदा शुक्रबार र शनिबार अर्थात् सप्ताहान्तमा ५ प्रतिशत छुट उपलब्ध हुनेछ । त्यस्तै, खाना तथा पेयपदार्थमा १० प्रतिशत छुट दिइनेछ ।

सप्ताहान्तबाहेक अन्य दिनमा भने होटलको आवासीय सेवा तथा खाना र पेय पदार्थ दुवैमा १० प्रतिशत छुट प्राप्त गर्न सकिने बैंकले जनाएको छ । सुविधा लिन ग्राहकले एनआइसी एसिया बैंकको मोबाइल बैंकिङ सेवा 'मोबैंक', डेबिट कार्ड वा क्रेडिट कार्डमार्फत भुक्तानी गर्नुपर्नेछ । बैंकका अनुसार सहकार्यबाट ग्राहकले होटलका सेवामा आकर्षक छुट पाउनुका साथै डिजिटल भुक्तानीको प्रयोगसमेत बढ्ने अपेक्षा गरिएको छ । बैंकले यस सहकार्यले नगदरहित कारोबारलाई प्रोत्साहन गर्दै मुलुकमा डिजिटल भुक्तानी सेवाको विस्तारमा थप योगदान पुग्ने विश्वास व्यक्त गरेको छ ।

# पोखरा फाइनान्स र कोरियन एस्थेटिकबीच ग्राहक सुविधा सम्झौता



**कास्की/मस-** पोखरा फाइनान्सका ग्राहकले लेट मी इन (कोरियन एस्थेटिक), चिप्लेढुंगा, पोखरामा उपलब्ध सेवामा ८ देखि १५ प्रतिशतसम्म छुट पाउने भएका छन् । पोखरा फाइनान्स रकोरियन एस्थेटिक, चिप्लेढुंगा, पोखराबीच ग्राहक सुविधा विस्तारसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको हो । समझदारीअनुसार पोखरा फाइनान्सका खातावालाले पोखरा फाइनान्सको मोबाइल बैंकिङ वा डेबिट कार्डमार्फत भुक्तानी गर्दा कोरियन एस्थेटिकमा उपलब्ध सेवामा ८ देखि १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । ग्राहकलाई थप सुविधा उपलब्ध गराउने उद्देश्यले गरिएको यस सहकार्यबाट पोखरा फाइनान्सका खातावाला लाभान्वित हुने विश्वास फाइनान्सले व्यक्त गरेको छ ।

# नोजाको लाइफटाइम अचिभमेन्ट अवार्ड कमल खरेललाई प्रदान



**काठमाडौं/मस-** राष्ट्रिय अनलाइन पत्रकार संघ (नोजा)ले बाह्रौं नोजा अनर अवार्ड वितरण गरेको छ । नोजाले हरेक वर्ष एकजनालाई प्रदान गर्ने लाइफटाइम अचिभमेन्ट अवार्डबाट बैंकिङ एवं सहकारी क्षेत्रका विज्ञ कमल खरेललाई प्रदान गरेको हो । यसैगरी विशिष्ट अनरवार्डतर्फ वरिष्ठ गायक आनन्द कार्की, निर्माण व्यवसायी बलिभद्र राना र गोकर्णेश्वर नगरपालिकाका मेयर दीपककुमार रिसालले प्राप्त गरेका छन् । विशेष अभियन्ता अनरअवार्डतर्फ वरिष्ठ समाजसेवी डा. लक्ष्मीप्रसाद राई र वरिष्ठ उद्यमी कुमार कार्कीलाई प्रदान गरिएको छ । उत्कृष्ट गायिकाको अवार्ड चाँदनी शाक्य, उत्कृष्ट संगीतकार अवार्ड सन्तोष श्रेष्ठ, उत्कृष्ट अभिनेत्री झरना रिसाल तथा उत्कृष्ट अभिनेताको अवार्ड विकास लामिछानेले प्राप्त गरेका हुन् ।

# '१३औं कृति अवार्डस्'को शुभारम्भ, मनोनयन खुला



काठमाडौं/मस- नेपाल विज्ञापन संघ (आन)ले बुधबार काठमाडौंमा आयोजना गरेको 'कृति इग्नाइट' कार्यक्रमका साथ 'रेड बुल १३औं कृति अवार्डस् २०८३'को औपचारिक शुभारम्भ भएको छ। नेपालको विज्ञापन तथा आमसञ्चार क्षेत्रमा सिर्जनाशीलता र उत्कृष्टताको सम्मान गर्ने उद्देश्यले आयोजना गरिँदै आएको यस अवार्ड शृंखलाको उद्घाटन सत्र बुधबार सम्पन्न भएको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाको प्रमुख आतिथ्यमा पानसमा बत्ती बालेर समारोहको विधिवत् उद्घाटन गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञ, उद्योगी तथा व्यवसायीको बाक्लो सहभागिता रहेको थियो ।

यस वर्षको कृति अवार्डस्लाई देशका प्रमुख आर्थिक तथा नियामक संस्थाहरूले व्यापक सहकार्य र समर्थन जनाएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल सरकारको विज्ञापन बोर्डले कार्यक्रमलाई समर्थन गरेका छन् ।

त्यसैगरी, सञ्चार क्षेत्रका प्रमुख छाता संगठनहरू- ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान), सामुदायिक रेडियो प्रसारक संघ (अकोराब), रेडियो ब्रोडकास्टर्स फोरम, नेपाल मिडिया सोसाइटी र मिडिया अलायन्स नेपाल यस वर्षदेखि कृति अवार्डसको सह-आयोजकका रूपमा जोडिएका छन् ।

यस संस्करणको अर्को ऐतिहासिक पक्ष भनेको आनका गैर-सदस्यहरूका लागि पनि मनोनयन खुला गरिनु हो । देशका सर्वोच्च व्यावसायिक संघ-संस्थाको समर्थन, मिडिया संघ-संगठनहरूको सह-आयोजना र गैर-सदस्यका लागि खुला गरिएको यस पहलले राष्ट्रिय आर्थिक क्षेत्रमा आनको भूमिकालाई अझ व्यापक र समावेशी बनाउनुका साथै विज्ञापन उद्योगमा संस्थाको नेतृत्वलाई थप सुदृढ बनाएको वक्ताहरूले बताएका छन् ।



समारोहमा नेपालको विज्ञापन उद्योग र आम सञ्चार क्षेत्रको विकासक्रम झल्काउने विशेष अडियो-भिजुअल प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा आनका पूर्वअध्यक्ष, कृति अवार्डस्का प्रवर्धक तथा मिडिया अलायन्स नेपालका संस्थापक अध्यक्ष भास्करराज राजकर्णिकारले स्वागत मन्तव्य राखेका थिए ।

त्यसैगरी, १३औं संस्करणको शीर्ष प्रायोजक सारस बेभरेज प्रा.लि.का प्रबन्ध निर्देशक सुरेन्द्र सिलवाल र विज्ञापन बोर्डका अध्यक्ष सन्तोष श्रेष्ठलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको समापन गर्दै आनका अध्यक्ष सुदीप थापाले सम्पूर्ण सहयात्री तथा सरोकारवालाहरूमा धन्यवाद तथा कृतज्ञता ज्ञापन गरेका थिए ।


## भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र संसोधन सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति :-२०८३/०६/२२**

यस भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०६/०२ मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना बमोजिम Contract Identification No. 22/BM/NCB/BTR/2083/84, "**Aadarsh Tole-Red Cross-Sundarpur Road and Bhanubhakt Tole-Jhulongepul Blacktop Road Construction Work, Bheemdatt-2, Kanchanpur**" को बोलपत्र सम्बन्धी कागजातमा (Bid Document) देहाय बमोजिमको विवरण भूलवश फरक पर्न गएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

**१. Bill of Quantities (BoQ) मा S.N. 1 General अन्तर्गत item no. No. 1.4 छुट्न गएकाले यस सूचना पश्चात यस कार्यको Bid Document मा समावेश गरिएको ।**

उपर्युक्त विवरणहरूमा आवश्यक भूल सुधार एवम् संसोधन गरी बोलपत्र पेश गर्ने म्याद तपशिल बमोजिम संसोधन गरिएको व्यहोरा सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरूका साथै सरोकारवालाहरुलाई समेत यसै सूचना मार्फत जनाकारी गराइएको छ ।

साथै, यस कार्यको यस सूचना अघि खरिद गरिएको Bid Document मान्य नहुने भएकाले उक्त बोलपत्र कागजात खरिद गरी बोलपत्र दर्ता गराइसकेका वा नगरेका सम्पूर्ण बोलपत्रदाताहरूले समेत यस कार्यालयमा सम्पर्क गरी सुधार गरिएको Bid Document अनिवार्य रूपमा प्राप्त गरी संसोधन गरिएको समय भित्र बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय :- २०८३/०६/२८ कार्यालय समय भित्र**

**बोलपत्र बुझाउने अन्तिम मिति र समय :- २०८३/०६/२९ गते दिउँसो १२ बजे सम्म**

**बोलपत्र खुल्ने मिति र समय :- २०८३/०६/२९ गते दिउँसो १ बजे**

**नोटः-** सम्बन्धित बोलपत्रदाताहरुले आफुले पेश गर्ने Bid Security यस सूचना अनुसार थप गरी पेश गर्न हुन जानकारी गरिन्छ । बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि बोलपत्र ९० (नब्बे) दिनको अवधिसम्म मान्य हुनुपर्नेछ । साथै, बोलपत्रसँग न्यूनतम रु. २,४०,०००।– (दुई लाख चालीस हजार रुपैयाँ मात्र) रकम बराबरको बोलपत्र जमानत पेश गर्नुपर्नेछ । बोलपत्र जमानतको म्याद बोलपत्रको मान्य अवधिभन्दा थप ३० (तीस) दिन बढी हुनुपर्नेछ ।



## कर्णाली प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

### चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा करारमा लिने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०६/२२)**

प्रदेश अस्पताल, सुर्खेतको स्वास्थ्य सेवा अन्तर्गतका विभिन्न समूह तथा उपसमूहका तपसिल बमोजिम पदमा पदपूर्ति गर्नको लागि प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी स्वास्थ्य सेवाका देहाय बमोजिमका पदहरूमा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले मिति २०८३ साल कार्तिक १० गते कार्यालय समयभित्र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा दरखास्त पेस गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह/उपसमूह | स्वीकृत संगठनसंरचना अनुसारको पद/तह | माग सङ्ख्या (जना) | कै. |
|---|---|---|---|---|---|
| १ | १/२०८३/०८४ | स्वास्थ्य/पेडियाट्रिक्स/ पेडियाट्रिक | कन्सल्टेन्ट पेडियाट्रिसियन/९तह | १ | |
| २ | २/२०८३/०८४ | स्वास्थ्य/पेडियाट्रिक्स/ नियोनेटोलोजी | कन्सल्टेन्ट नियोनेटोलोजिष्ट/९तह | १ | |
| ३ | ३/२०८३/०८४ | स्वास्थ्य/मेडिसिन/ग्याष्ट्रो | कन्सल्टेन्ट ग्याष्ट्रो-इन्टेरोलोजिष्ट/९तह | १ | |
| ४ | ४/२०८३/०८४ | स्वास्थ्य/मेडिसिन/ट्रपिकल | कन्सल्टेन्ट कार्डियोलोजिष्ट/९तह | १ | |
| ५ | ५/२०८३/०८४ | स्वास्थ्य/मेडिसिन/नेफ्रोलोजी | कन्सल्टेन्ट नेफ्रोलोजिष्ट/९तह | १ | |
| ६ | ६/२०८३/०८४ | स्वास्थ्य/मेडिसिन/न्यूरोलोजी | कन्सल्टेन्ट न्यूरोलोजिष्ट/९तह | १ | |
| ७ | ७/२०८३/०८४ | स्वास्थ्य/मेडिसिन/ इन्डोक्राइनोलो | कन्सल्टेन्ट इन्डोक्राईनोलोजिष्ट/९तह | १ | |
| ८ | ८/२०८३/०८४ | स्वास्थ्य/मेडिसिन/फरेन्सिक | फरेन्सिक मेडिसिन अधिकृत/९तह | १ | |
| ९ | ९/२०८३/०८४ | स्वास्थ्य/सर्जरी/पेडियाट्रिक सर्जरी | कन्सल्टेन्ट पेडियाट्रिक सर्जन ९ तह | १ | |
| १० | १०/२०८३/०८४ | स्वास्थ्य/सर्जरी/ग्याष्ट्रो | कन्सल्टेन्ट सर्जरी ग्याष्ट्रोकोलोजिष्ट/९तह | १ | |
| ११ | ११/२०८३/०८४ | स्वास्थ्य/अटोरिनो ल्यारिँगोलोजी | कन्सल्टेन्ट इ.एन.टी. सर्जन/९ तह | १ | |
| १२ | १२/२०८३/०८४ | स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट/९ तह | १ | |
| १३ | १३/२०८३/०८४ | स्वास्थ्य/रेडियोलोजी/रेडियो | कन्सल्टेन्ट रेडियोलोजिष्ट/९ तह | १ | |
| १४ | १४/२०८३/०८४ | स्वास्थ्य/प्याथोलोजी/जनरल | कन्सल्टेन्ट प्याथोलोजिष्ट/९तह | १ | |
| १५ | १५/२०८३/०८४ | स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | उप-प्रमुख मेडिकल ल्याब/९ तह | १ | |
| १६ | १६/२०८३/०८४ | स्वास्थ्य/एनेस्थेसियोलोजी | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट/९ तह | २ | |
| १७ | १७/२०८३/०८४ | स्वास्थ्य/ज.हे.स. | मेडिकल अधिकृत/८ तह | ३ | |
| १८ | १८/२०८३/०८४ | स्वास्थ्य/विविध | डायलाइसिस टेक्निसियन/५ तह | १ | |
| | | | **जम्मा** | २१ | |

१. उम्मेदवारको योग्यता :
क. नेपाली नागरिक,
ख. न्यूनतम योग्यता: माथि उल्लिखित पदहरुको उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्यसेवा नियमावली, २०५५ को अनुसूची-६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरूको लागि तोकिएको योग्यता पूरा गरेको,
ग. विदेशी शिक्षण संस्थाबाट अध्ययन गर्नेको हकमा समकक्षता प्रमाणपत्र,
घ. उमेर हद: अधिकृतस्तरको लागि न्यूनतम २१ वर्ष र सहायकस्तरको लागि १८ वर्ष उमेर पुरा भएको,
ङ. सम्बन्धित स्वास्थ्य सम्बद्ध व्यवसायिक परिषद्मा दर्ता तथा नवीकरण समेत भएको,
च. स्थायी बसोबास गरेको व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
छ. समावेशीता (महिला, आदिवासी जनजाति, मधेसी, पिछडिएको क्षेत्र, दलित) को हकमा अनिवार्य रुपमा सम्बन्धित विवरण खुलेको प्रमाणित कागजात,
ज. अपाङ्गताको हकमा अनिवार्य रुपमा अपाङ्गता खुलेको प्रमाणित कागजात,
झ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र
ञ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनु पर्नेछ ।

२. दरखास्त दिने विधि: योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस मन्त्रालयमा दरखास्त फारम भरेको सक्कलै फाइल पेस गर्नुपर्ने छ । चिकित्सकको हकमा मात्र मन्त्रालयको इमेल ठेगाना mosdvaccancy@gmail.com मार्फत् दरखास्त पेस गर्न सकिनेछ । यसरी अनलाईनबाट दरखास्त पेस गर्दा एउटै pdf फायल तयार गरी पेस गर्नु पर्नेछ । अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्टसम्म दरखास्त दिन सकिनेछ । दरखास्त फारम यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.npबाट प्राप्त गर्न सकिनेछ ।

३. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु: दरखास्त फारम भरी फारममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारको व्यक्तिगत विवरण, एसएलसी/एसईई देखि न्यूनतम शैक्षिक योग्यतासम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ दरखास्त पेस गर्नुपर्नेछ। उम्मेदवारले सबै कागजातमा सक्कल बमोजिम नक्कल ठिक भएको प्रमाणित गरेको हुनुपर्नेछ ।

४. छनौट प्रक्रिया: कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि, २०७६ (संसोधन सहित)" अनुरुप छनौट कार्य हुनेछ ।

५. सेवा सुविधा: पारिश्रमिक तथा सेवाका शर्तहरु कर्णाली प्रदेश सरकारको नियम अनुसार हुनेछ ।

६. लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा यसरी करारमा नियुक्ति भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई जुनसुकै बेला हटाउन सकिनेछ ।

७. म्याद नाघी आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन ।

८. दरखास्त वापत कुनै शुल्क लाग्ने छैन ।

९. यो सूचना यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np र सूचना पाटी मार्फत हेर्न सकिनेछ ।

पुनश्च : थप जानकारीका लागि सम्पर्क नं. ०८३-५२३६७२


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**